# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २५३ काठमाडौं शुक्रबार, २७ पुस २०८० Prabhab National Daily Friday, January 12, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


## रूसी सेनामा थप एक नेपालीको मृत्यु



■ प्रभाव संवाददाता

**काठमाडौं–** रुसी सेनामा भर्ती भएका प्युठानका एक युवकको मृत्यु भएको छ । प्युठान नगरपालिका–४ काठेवर निवासी सोनु सुनारको मृत्यु भएको रुसबाट खगेश्वर थापाले जानकारी दिएका हुन् ।

मृतक सुनारका छिमेकी खगेश्वरले दिएको जानकारीअनुसार उनीसँगै रहेका उनका साथी पनि घाइते छन् । निजले नै उनको मृत्युको खबर दिएका हुन् । प्युठान नगरपालिकाका प्रमुख विष्णु योगीले सुनारको मृत्युको खबरले प्युठानवासी मर्माहत भएका बताए । नगरप्रमुख योगी नेतृत्वको टोलीले भोलि सुनारका अभिभावकलाई भेटेर रुसबाट प्राप्त खबरबारे थप जानकारी दिइने थापाले बताए ।

छिमेकी थापाले यस घटनाबारे परराष्ट्र मन्त्रालयमा जानकारी गराइएको बताए । उनका अनुसार दुई वर्षदेखि कतारमा कार्यरत सोनु केही महिनाअघि त्यहींबाट रुसी सेनामा भर्ती भएका थिए । योसँगै हालसम्म ११ जना रुसी सेनामा कार्यरत नेपालीको निधन भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले रुसी सेनामा औपचारिक रूपमा दुई सय नेपाली रहेको जनाएका छन् । रुसी सेनामा नेपालीको अवस्थाबारे बुझ्न परराष्ट्रमन्त्री एनपी साउद त्यसतर्फ जाने तयारीमा छन् ।

उनको भ्रमणको मिति भने तय भइसकेको छैन । परराष्ट्र स्रोतका अनुसार मन्त्रालयले उनको भ्रमणको तयारी तीव्र बनाएको छ । रूस भ्रमणको क्रममा मन्त्री साउदले रूसी सेनामा कार्यरत नेपालीको अवस्था, मृत्यु भएकाहरूको शव ल्याउने तथा क्षतिपूर्ति दिलाउने विषय, घाइतेहरूको उपचार तथा राहतका विषयमा रूसी सरकारसँग कुरा गर्नेछन् ।

अहिलेसम्म ११५ जना नेपालीले उद्धारका लागि परराष्ट्र मन्त्रालयमार्फत उद्धारका लागि आवेदन दिएका छन् । परराष्ट्र मन्त्रालयले मन्त्री साउदको भ्रमणको व्यवस्था मिलाउन रूसीस्थित नेपाली राजदूतावसलाई निर्देशन दिएको बताइएको छ ।

कञ्चनपुरको कृष्णपुर नगरपालिकामा आयोजित नगरस्तरीय १४ औं राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिताको उद्घाटन समारोहमा मन्त्री साउदले उद्धारका लागि हालसम्म ११५ जनाले आवेदन दिएको बताएका हुन् । रूसी सेनामा २०० भन्दा बढीको संख्यामा नेपालीहरू कार्यरत रहेको अनुमान गरिएको बताए ।

‘जोखिमपूर्ण ठाउँमा त्यो पनि सेनामा पठाउने नेपाल सरकारको कुनै नीति छैन । रसिया सेनामा भर्ना भएकाहरूलाई फिर्ता ल्याउने । घाइतेहरूलाई उपचार तथा राहत उपलब्ध गराउने, दिवगंत भएकाहरूको हकमा पाउने सहुलियत नजिकका हकदारहरूलाई दिलाउने विषयमा कुराकानी गरिरहेको छु । रूससँग छलफल चलिरहेको छ’ मन्त्री साउदले मंगलबार भनेका थिए ।

# एमाले शून्यउन्मुख



तीन तहकै चुनावमा एमालेविरूद्ध घेराबन्दी नभएको हो र ? तर, हामी लोकप्रिय मतका आधारमा पहिलो भयौं । अहिले राष्ट्रियसभा चुनावमा पनि घेराबन्दी हुँदैछ । हामी तोडेर चुनाव जित्छौं

■ **सुरेन्द्र पाण्डे**
उपाध्यक्ष, नेकपा एमाले



विगतमा पनि एमालेविरूद्ध राष्ट्रियसभा चुनावमा गठबन्धनले शानदार जित हासिल गरेको थियो । यसपटक पनि त्यो सम्भव छ ।

■ **लीलामणि पोखरेल**
सचिव, माओवादी केन्द्र




- हरेक प्रदेशमा सत्ता गठबन्धनको मतभार एमालेको भन्दा अधिक
- १९ सिटमै गठबन्धनले चुनाव जित्ने सम्भावना
- गठबन्धनको मुख्य प्रतिस्पर्धी एमाले शून्यउन्मुख

■ जेबी योञ्जन

**काठमाडौं–** दुई सातापछि माथिल्लो सदन राष्ट्रियसभाको चुनाव हुँदै छ । १९ सिटका लागि हुने चुनावमा ५२ जना चुनावी प्रतिस्पर्धामा छन् । उनीहरू आठ राजनीतिक दलबाट उम्मेदवार बनेका हुन् ।

चुनावमा सत्ता गठबन्धन दलहरू र प्रमुख विपक्षी नेकपा एमालेका उम्मेदवारहरूबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । तर, हरेक प्रदेशमा मतभारका आधारमा भन्ने हो भने गठबन्धन दलहरू बलिया छन् । एमाले बलियो मानिएको कोशी प्रदेशबाहेक अरु क्षेत्रमा भारी मतभार गठबन्धन दलहरूसँग छ । अधिक मतभार हुनाले गठबन्धनले एमालेलाई ‘क्लिन स्वीप’ गर्न सक्ने आँकलन पनि हुन थालेको छ ।

एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे भने त्यसप्रति विश्वास गर्दैनन् । ‘तीन तहकै चुनावमा एमालेविरुद्ध घेराबन्दी नभएको हो र ? तर, हामी लोकप्रिय मतका आधारमा पहिलो भयौं । अहिले राष्ट्रियसभा चुनावमा पनि घेराबन्दी हुँदैछ । हामी तोडेर चुनाव जित्छौं’, पाण्डेले प्रभावसँग भने ।

चुनाव ११ माघमा हुँदै छ । दलहरूले चुनावी कमान्डरहरू तोकिसकेका छन् । चुनावी गतिविधिमा दलहरू क्रियाशील छन् । गठबन्धन दल र तिनका उम्मेदवारहरू चुनाव जित्नेमा ढुक्कजस्तै छन् । किनभने स्थानीय, प्रदेश र प्रतिनिधिसभामा जसरी राष्ट्रियसभा चुनावमा अन्तर्घात हुँदैन । त्यही भएर प्रमुख विपक्षी एमालेको भन्दा मतभार अधिक रहेपछि गठबन्धनका उम्मेदवारहरू चिन्तित छैनन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको दल नेकपा माओवादी केन्द्रका सचिव लीलामणि पोखरेल पनि गठबन्धनका उम्मेदवारलाई चुनाव जित्न असहज स्थिति नभएको बताउँछन् । उनका अनुसार गठबन्धनले एमालेलाई शून्य सिटमा सीमित पार्छ । ‘विगतमा पनि एमालेविरुद्ध राष्ट्रियसभा चुनावमा गठबन्धनले शानदार जित हासिल गरेको थियो । यसपटक पनि त्यो सम्भव छ’, उनले भने, ‘किनभने हाम्रो उम्मेदवारहरूलाई जित्न सजिलो छ ।’

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित २० सदस्यको कार्यकाल आगामी २० फागुनमा सकिँदै छ । एमालेबाट इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राईको कार्यकाल सकिने भएको हो । कांग्रेसबाट अनिता देवकोटा, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र रमेशजंग रायमाझीको पनि पदावधि त्यहीबेला सकिने छ ।

माओवादी केन्द्रबाट विना पोखरेल, महेशकुमार महरा, हरिराम चौधरी, जनता समाजवादीबाट प्रमिला कुमारी, नेकपा एकीकृत समाजवादीबाट नन्दा चपाई र सिंहबहादुर विश्वकर्मा तथा स्वतन्त्र सदस्य खिमलाल देवकोटासँगै राष्ट्रपतिबाट मनोनीत डा. विमला पौड्यालको पनि कार्यकाल सकिने भएको छ । उनीहरूकै स्थानमा चुनाव हुन लागेको हो । सुदूरपश्चिममा पनि गठबन्धनकै उम्मेदवारहरूले चुनाव जित्ने सम्भावना देखिएको छ ।

## कहाँ कुन शक्तिशाली ?

**कोशी**

राष्ट्रियसभा चुनावमा कोशी प्रदेशबाट दुई जना सांसद निर्वाचित हुनेछन् । चुनावमा प्रदेशका ९३ जना सांसद र २७४ जना स्थानीय तहका प्रमुख/उपप्रमुखले मतदान गर्नेछन् । कोशीमा कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी र जसपा रहेको सत्ता गठबन्धन प्रतिस्पर्धी एमालेभन्दा धेरै शक्तिशाली छ । त्यहाँ सत्ता गठबन्धनको मतभार ५ हजार ४७४ छ ।

एमालेको ४ हजार २१० छ । राप्रपाको मतभार ३९४ छ । यी दुई दलबीच यदि चुनावमा सहकार्य हुने हो भने पनि ४ हजार ६०५ मतभार हुन्छ । यो भनेको गठबन्धनको मतभार भन्दा ८६९ मतभार कम हो । यो अंकगणितले गर्दा कोशीमा सत्ता गठबन्धनका दुई उम्मेदवार नै निर्वाचित हुने देखिएको छ । त्यहाँ कांग्रेसबाट पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र माओवादीबाट चम्पादेवी कार्की उम्मेदवार छन् । एमालेले त्यहाँ रुक्मिणी कोइराला र परशुराम अधिकारीलाई उम्मेदवार बनाएको छ ।

**मधेस**

कांग्रेसका राष्ट्रियसभा सदस्य जितेन्द्रनारायण देव र जनता समाजवादी पार्टी (जसपा)की सांसद प्रमिला कुमारीको स्थानमा मधेस प्रदेशमा चुनाव हुँदै छ । सत्ता गठबन्धन र एमालेबीच नै यहाँ पनि प्रतिस्पर्धा हुने छाँट देखिएको छ ।

त्यहाँ गठबन्धन दलहरू कांग्रेस, जसपा, माओवादी, जनमत पार्टी, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीको गरी ७ हजार ६६ मतभार छ । तर, एमालेको २ हजार ३०२ मतभार छ । ९३३ मतभार भएको लोकतान्त्रिक समाजवादी पार्टी र ५३ मतभार भएको राप्रपासँगै एमालेको चुनावी सहकार्य भएको अवस्थामा मतभार ३ हजार २८८ मतभार हुन्छ । (**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भ: वैदेशिक रोजगार**

## शून्य लागतको नीति लागू गर्नसक्ने अवस्था छैनः मन्त्री भण्डारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले नेपाली कामदारहरूलाई शून्य लागतमा वैदेशिक रोजगारीमा पठाउन नसकिने बताएका छन् । बिहिबार संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको छलफलमा आफ्नो धारणा राख्दै मन्त्री भण्डारीले नेपाली कामदारहरूलाई शून्य लागतमा पठाउने नीति लागू गर्न नसकिने बताएका हुन् ।

रोजगारीका क्रममा शून्य लागत भन्ने कुरा नहुने भन्दै मन्त्री भण्डारीले शून्य लागतमा जाने सम्झौता भएका मुलुकमा पनि पैसा तिरेरै गएको रिपोर्ट प्राप्त भएको बताए । उनले मलेसियाको उदाहरण दिँदै झण्डै ९ लाख नेपालीहरू काम गरिरहेकोमा तीमध्ये एकदम थोरै १५ हजार जति मात्रै शून्य लागतमा पुगेको दावी गरे । ‘शून्य लागत भन्ने कुरा हुँदै हुँदैन,’ मन्त्री भण्डारीले भने, ‘शून्य लागतमा कामदारले पैसा नतिर्ने भनिए पनि कोही कसैले पैसा तिर्नै पर्छ ।’

कोही कामदार सित्तैमा जाने अवस्था नभएको भन्दै मन्त्री भण्डारीले रोजगारदाताले सबै खर्च व्यहोरे मात्रै कामदारको लागि शून्य लागत हुन सक्ने बताए । ‘जुन रोजगारदाताले कामदार भर्ना शुल्क व्यहोर्छ त्यो शून्य लागत हो,’ उनले भने, ‘तर सबै रोजगारदाताले कामदारको खर्च व्यहोर्ने भन्ने हुँदैन, कतिपय कम्पनीले लागत खर्च कामदारले नै बेर्होनुपर्ने डिमान्ड पठाउँछन्, त्यस्तोमा हामीले कामदार पठाउने की नपठाउने ?’ यस

### मलेसियामा ९ लाख नेपालीमध्ये १५ हजार जति मात्रै शून्य लागतमा पुगेका छन्

विषयमा जनतालाई सही ढंगले सूचना प्रवाह गर्न नसकिएको उनको भनाइ छ ।

हाल मलेसियालगायत केही खाडी मुलुकमा कामदार पठाउँदा ‘फ्रि भिसा, फ्रि टिकट’को व्यवस्था छ । कामदार पठाएबापत म्यानपावर व्यवसायीले लिने सेवा शुल्क १० हजार रूपैयाँ तोकिएको छ । यस्तो व्यवस्थाका कारण अवैध तरिकाले कामदारले लाखौं रूपैयाँ तिर्नु परेको र सरकारले राजस्व गुमाइरहेको भन्दै मन्त्री भण्डारीले कामदारको लागत शुल्क निर्धारणको लागि आवश्यक गृहकार्य भइरहेको बताए ।

### गुम्यो कोरियाको चार हजार कोटा

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको छलफलमा सहभागी भएका श्रम सचिव केवल भण्डारीले दक्षिण कोरियाबाट आएको ४ हजार दक्ष कामदारको माग गुमेको बताए । उनका अनुसार माग भइ आएको कोटा समयमै प्रमाणीकरण हुन नसक्दा दक्ष जनशक्तिले पाउने रोजगारी गुमाउनु परेको हो । ‘समयमै कोरियास्थित नेपाली दूतावासले माग प्रमाणीकरण नगरीदिँदा जनवरीसम्ममा ई-७ भिसाअर्न्तगत ४ हजार दक्ष कामदार माग गुमेको छ,’ सचिव भण्डारीले भने, ‘नेपालले पाएको माग समयमै प्रमाणीकरण नगर्दा बंगलादेश र फिलिपिन्सका कामदारले अवसर पाए ।’

ई-७ भिसामार्फत दक्ष कामदार लैजाने प्रस्ताव अघिल्लो वर्ष नै आएको पनि सचिव भण्डारीले खुलासा गरे । दक्ष कामदारको प्रस्ताव आएपछि परराष्ट्र मन्त्रालयमार्फत गत चैतमा नै गरिएको पत्राचारको दूतावासले अहिलेसम्म कुनै जवाफ नदिएको उनले बताए ।

## पाँच महिनामा भित्रियो ६ खर्ब

**काठमाडौं, (प्रस)–** चालु आर्थिक वर्षको पाँच महिनामा ६ खर्ब १३ अर्ब २५ करोड रूपैयाँ विप्रेषण (रेमिट्यान्स) नेपाल भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा साउनदेखि मंसिरसम्म विप्रेषण आप्रवाह २७.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ प्रतिशतले बढेको थियो ।

यसरी हेर्दा विप्रेषण आप्रवाह प्रत्येक महिना एक अर्ब माथि रहेको देखिएको छ भने मंसिर महिनामा मात्रै १ खर्ब ३५ अर्ब २९ करोड रूपैयाँ भित्रिएको राष्ट्र बैकले जनाएको छ । त्यस्तै अमेरिकी डलरमा विप्रेषण आप्रवाह २४.५ प्रतिशतले वृद्धि भई ४ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३.१ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत- नयाँ) लिने नेपालीको संख्या एक लाख ७३ हजार ५५५ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख चार हजार ३७ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः दुई लाख ३६ हजार ७७९ र एक लाख १५ हजार ९४८ थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर २६.३ प्रतिशतले वृद्धि भई ६ खर्ब ६९ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २१.६ प्रतिशतले बढेको थियो । तसर्थ वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको विप्रेषणले मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा ओगटेको विभिन्न अध्ययनले देखाएको छ ।




## पृष्ठ १ बाट क्रमशः

### कहाँ कुन...

जुन गठबन्धनको भन्दा दोब्बर कम मतभार हो । यसकारण मधेस प्रदेशमा पनि गठबन्धन दलहरू राष्ट्रियसभा चुनावकै निकै शक्तिशाली देखिएका छन् । यहाँ पनि एमाले शून्य हुन सक्ने देखिएको छ । सत्ता गठबन्धनबाट कांग्रेसका आनन्दप्रसाद ढुंगाना र जसपाकी पूजा चौधरी उम्मेदवार छन् । उनीहरूसँग एमालेका उषादेवी थरुनी र विजेता झाले प्रतिस्पर्धा गर्नेछन् ।

### बागमती

देशको सात प्रदेशमध्ये सर्वाधिक ४ जना राष्ट्रियसभा सदस्यका लागि बागमती प्रदेशमा चुनाव हुन लागेको छ । त्यहाँ स्वतन्त्र सांसद डा. खिमलाल देवकोटा, एमाले सांसदहरू रामचन्द्र राई, दिलकुमारी रावल (पार्वती) र नेकपा एकीकृत समाजवादीका सांसद सिंहबहादुर विश्वकर्माको स्थानमा चुनाव हुन लागेको हो ।

गठबन्धन दलहरू कांग्रेस, माओवादी र नेकपा एकीकृत समाजवादीको बाग्मतीमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिका गरी ६ हजार ७५१ मतभार छ । जबकि, प्रतिस्पर्धी दल एमालेको मतभार २ हजार ५७१ मात्रै छ । ७०८ मतभार भएको राप्रपासँग एमालेको चुनावी सहकार्य भए पनि तीन हजार २ सय ७९ हुनेछ । यो भनेको गठबन्धनको भन्दा दोब्बर कम मतभार हो । यसकारण यहाँ पनि गठबन्धन दलहरूले एमालेलाई शून्य पार्ने सम्भावना देखिएको छ ।

बागमतीमा सत्ता गठबन्धनबाट कांग्रेसका विष्णुदेवी पुडासैनी र जितजंग बस्नेत तथा माओवादीका श्रीकृष्ण अधिकारी र एकीकृत समाजवादीका घनश्याम रिजाल उम्मेदवार छन् । एमालेले रोचकुमारी चौलागाईं, त्रिलोचन निर्मल पौडेल, विवेक देवकोटा र ध्रुव विश्वकर्मालाई उम्मेदवार बनाएको छ ।

### गण्डकी

अन्य प्रदेशमा जस्तै गण्डकी प्रदेशमा पनि मुख्यतः सत्तारूढ गठबन्धन र नेकपा एमालेबीच प्रतिस्पर्धा हुने देखिएको छ । त्यहाँको प्रदेश संसदमा ६० सांसद छन् । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १७० जना गरी २३० जना चुनावमा मतदाता हुनेछन् । त्यहाँ सत्ता गठबन्धन दलहरू कांग्रेसबाट किरणबाबु श्रेष्ठ र पदमबहादुर परियार तथा माओवादीबाट मनरूपा शर्मा उम्मेदवार छन् । नेकपा एमालेबाट चक्रबहादुर पराजुली, सम्झना देवकोटा र हेमन्द्र शेरचन उम्मेदवार छन् ।

मतभारलाई आधार मान्दा गण्डकीमा सत्ता गठबन्धन उम्मेदवारहरूले चुनाव जित्ने सम्भावना बलियो देखिएको छ । त्यहाँ गठबन्ध दलहरू कांग्रेस, माओवादी, नेकपा एस, नेसपा र जनमोर्चाको मतभार ३ हजार ८२७ छ । प्रतिस्पर्धी एमालेको २४५८ मात्रै छ । यदि, १०६ मतभार रहेको राप्रपा एमालेसँगको सहकार्यमा आए पनि चुनाव जित्न सहज देखिएको छैन । त्यहाँ गठबन्धन र एमालेको मतभार अन्तर एक हजार ३६९ छ । यसले गर्दा गण्डकीमा पनि सत्ता गठबन्धनका उम्मेदवारहरूले एमाले उम्मेदवारहरूमाथि जित हासिल गर्न सक्ने सम्भावना देखिएको छ ।

### लुम्बिनी

लुम्बिनी प्रदेशबाट राष्ट्रियसभा निर्वाचनमा सत्तारुढ गठबन्धनबाट माओवादीका झक्कुप्रसाद सुवेदी अन्य र कांग्रेसकी विष्णुकुमारी सापकोटा महिला कोटाबाट उम्मेदवार छन् । माओवादी उम्मेदवार सुवेदीसँग प्रतिस्पर्धा गर्न एमालेले झबिन्द्रबहादुर घर्ती क्षेत्री र कांग्रेस उम्मेदवार सापकोटासँग प्रतिस्पर्धा गर्न तुलसा केसीलाई उम्मेदवार बनाएको छ ।

चुनावमा लुम्बिनी प्रदेश संसदका ८७ जना सांसद र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख २१८ गरी ३०५ जना मतदाता छन् । कुल मतभार ८ हजार ७५३ छ । यसमध्ये गठबन्धन दलहरूको मतभार ५ हजार ८३ छ । एमालेको मतभार २ हजार ८१० छ । यो भनेको गठबन्धनको भन्दा एमालेको मतभार २ हजार २७३ कम हो । २६९ मतभार रहेको राप्रपा यदि एमालेसँग चुनावी सहकार्यमा जोडिए पनि २ हजार बढी मतभार गठबन्धनकै हुनेछ । यस्तो अवस्थामा लुम्बिनी प्रदेशबाट गठबन्धनकै उम्मेदवारहरू सुवेदी र सापकोटार राष्ट्रियसभा आउने सम्भावना प्रबल देखिएको छ ।

### कर्णाली

यहाँबाट ११ माघमा हुने चुनावमार्फत तीन जना चुनिने छन् । सत्तारुढ गठबन्धन र एमाले नै यहाँ पनि मुख्य चुनावी प्रतिस्पर्धी हुन् । गठबन्धनबाट कांग्रेसका कृष्णबहादुर रोकाया, माओवादीका विष्णु विक, एकीकृत समाजवादीकी सावित्री मल्ल उम्मेदवार छन् । एमालेबाट विमलाकुमारी शाही, डिल्लीप्रसाद भट्ट र हिक्मत विक उम्मेदवार छन् ।

निर्वाचन आयोगका अनुसार त्यहाँ प्रदेश सांसद ४० जना छन् । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १५६ जना गरी १९६ जना राष्ट्रियसभा चुनावका मतदाता छन् ।

उनीहरूको कुल मतभा ५ हजार ८४ छ । यसमध्ये सत्ता गठबन्धनको कांग्रेस, माओवादी र नेकपा एकीकृत समाजवादीको कुल मतभार ३ हजार ७४० छ । प्रतिस्पर्धी एमालेको मतभार भने एक हजार १ सय ९५ छ । यसले गर्दा एमालेको गठबन्धनको भन्दा दोब्बर कम मतभार छ । जसकारण कर्णालीबाट पनि सत्ता गठबन्धनका उम्मेदवारहरूले चुनाव जित्ने सम्भावना बलियो देखिएको छ ।

### सुदूरपश्चिम

गठबन्धन दल कांग्रेसले बलबहादुर बोहरा र नारायणदत्त भट्टलाई उम्मेदवार बनाएको छ । माओवादीले रेणु चन्दलाई उम्मेदवार बनाएको छ । उनीहरूसँग एमालेका ईश्वरीप्रसाद खरेल, सावित्री घिमिरे र रामचन्द्र जोशीले प्रतिस्पर्धा गर्नेछन् । यहाँ २२८ जना मतदाता छन् । त्यसमध्ये ५२ जना प्रदेशसभा सदस्य र १ सय ७६ स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष मतदाता छन् । उनीहरूको कूल मतभार ६ हजार १०० हो । यसमध्ये सत्ता गठबन्धनको मतभार ४ हजार ४५७ छ । एमालको मतभार एक हजार ४८० छ ।

# भिजिट भिसालाई थप व्यवस्थित बनाइने

**काठमाडौं (प्रस)–** भिजिट भिसामा विदेश प्रस्थानको विद्यमान अवस्थालाई पुनर्विचार गरी थप सहजीकरण र व्यवस्थित गरिने भएको छ ।

गृह मन्त्रालयमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ र श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीसहित गृह, परराष्ट्र, शिक्षा, विज्ञान तथा प्रविधि र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीको बैठकले उक्त निष्कर्ष निकालेको हो ।

बिहीबारको बैठकले यसबारे छिट्टै नयाँ निर्णय गर्नुपर्ने आवश्यकता रहेको र त्यसका लागि प्रधानमन्त्रीसँगको परामर्श एवम् निर्देशनपश्चात् अन्तिम निर्णय गरिने निष्कर्ष निकालेको गृहमन्त्रीका प्रेस सल्लाहकार कमल गिरीले जानकारी दिए । बैठकमा प्राप्त सुझावसहित आवश्यक प्रस्तावको तयारी गर्न गृहमन्त्री श्रेष्ठले अध्यागमन विभागलाई निर्देशन दिएका छन् ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/२७ गते)

मानिक दास सुब्बाको नातिनी, छविलाल सुब्बाको छोरी श्याम तामाङको पत्नी बारा जिल्ला, डुमरवाना गा.वि.स वडा नं ०६ (हाल : जितपुर सिमरा उ.प.म.न.पा. वडा नं. १५, बारा) बस्ने कृष्णा तामाङको मिति २०८०/०८/३० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको डुमरवाना शाखामा रहेको बचत खाता नं. ३०२०१७२१६२४०००० १ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमानले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय डुमरवानामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय डुमरवाना, बारा फोन नं. ०५३–४००१५१/४००१५२



**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Greenhill Overseas Pvt. Ltd. (ई.प.नं.१५३६) को** साविकको नाम परिवर्तन गरी **Aayan Consultency Services Pvt. Ltd.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Jupiter Overseas Concern Pvt. Ltd. (ई.प.नं.४७७/०६०/०६१) ले** यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी उप–महानगरपालिका वडा नं.०१ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८०/०६/२६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।



**शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०९/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २७४७ मिति २०८०/०१/१२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. १६८ मिति २०८०/०४/१५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका कर्मा, असना, खयर, सिसौँ, दवदवे र धौटी लगायतका जातका गोलिया थान २२४ को २३३५.०३ काठ, सिसौँ जातको दाउरा ०.२५ र साल बाहेकको मिश्रित दाउरा १८.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक वन पैदावारको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गर्न गरि २२ औं दिन दिनको १२.०० वजे भित्र दाखिला गर्नुहुन यो सूचना आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री राप्ती पीडित तथा गुलरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी–६, ढलैया, बाँके**


# ‘गौशाला–२६’ ले दिइन् उजुरी

**काठमाडौं–** जवरजस्ती करणीमा परेकी युवती ‘गौशाला २६’ले व्यक्तिगत गोपनियता भंग गरेको भन्दै नाम र तस्बिर सार्वजनिक गर्ने विरुद्ध नेपाल प्रहरीको केन्द्रीय साइबर ब्यूरोमा आज उजुरी दिएकी छन् ।

ब्यूरोका प्रवक्ता पशुपतिकुमार रायले व्यक्तिगत गोपनीयता भंग गरेको आरोपमा जाहेरी परेको र अनुसन्धान सुरु गरिएको जानकारी दिए । गौशाला २६ बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेबाट पीडित युवती हुन् ।

काठमाडौं जिल्ला अदालतले बुधबार लामिछानेलाई उक्त मुद्दामा आठ वर्ष कैद र जरिवाना र क्षतिपूर्तिस्वरूप ५ लाख तिर्नुपर्ने फैसला गरेको थियो । तस्बिर सार्वजनिक गर्ने दिवस सापकोटा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवास नेपाली विभाग जापान च्यूबू शाखा समितिका सदस्य हुन् । पीडित युवतीको पहिचान सार्वजनिक गरेको भन्दै रास्वपाले सापकोटालाई पदीय जिम्मेवारीबाट निलम्बन गरिसकेको छ ।


**हुप्सेकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**झ्यालवास, नवलपरासी (व.सु.पु.)**

**बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना**

**प्रकाशित मिति : २०८०/०९/२७**

यस गाउँपालिकाबाट मिति २०८०/०७/२४ गतेको प्रभाव दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार विधुतीय खरिद प्रक्रियामा दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा तपसिलका बोलपत्रदाताहरूको बोलपत्र सारभूत रूपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्न सात (७) दिनको आशयको सूचना जारी गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का न. | कामको विवरण | वोलपत्र दाताको नाम | कवोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | Hup/Ncb/W/ 02/080/81 | Rudrapur Water Supply Project ( Water Lifting Work For Dauwadi and Ramche ) | कालिगण्डकी निर्माण सेवा, बुलिंगटार–३ , न.प (व.सु.प'.) | ८९,५३,५८८/- |

**प्रमुख प्रशासकिय अधिकृत**




**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/२७ गते)

जंग बहादुर मल्लको नातिनी, खड्ग बहादुर मल्लको छोरी, शिव बहादुर मल्लको पत्नी, सिन्धुपाल्चोक जिल्ला, सुनकोशी गाउँपालिका, वडा नं. ३ मा बस्ने बसन्त कुमारी मल्लको मिति २०७९/०८/०४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जलवीरे शाखामा रहेको बचत खाताको खाता नं. १५५००७१६७१४००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा मार्क कार्कीले यस बैंकको जलवीरे शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय जलवीरे, सिन्धुपाल्चोकमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय जलवीरे, सिन्धुपाल्चोक फोन नं.०११–४०००३५/४०३०५१


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


पुस २७ गते २०८०, शुक्रबार

| | |
|---|---|
| **मेष** | आसमारिसकेका काम बन्ने, आफन्तबाट मन आनन्द । |
| **वृष** | आम्दानी बढ्ने, आवश्यकता पूरा, अध्ययनमा सफलता । |
| **मिथुन** | आफन्तजनबाट धोका, विवादास्पद जिम्मेबारी । |
| **कर्कट** | उपलब्धि हातलाग्ने, काममा सफलता मिल्ने । |
| **सिंह** | जिम्मेवारीको बोझ, मेहेनतले सफलता मिल्ने । |
| **कन्या** | प्रियजनसँग भेट, सोखले गर्दा खर्च बढ्ने छ । |
| **तुला** | शत्रु बढ्ने सम्भावना, पुरानो रोगले सताउने छ ।राम्रै प्रभाव |
| **वृश्चिक** | जमाउन सकिने, चिताएको काम पूरा । |
| **धनु** | कमिकमजोरी सच्याउन सकिने, कृषिमा फाइदा । |
| **मकर** | काममा व्यवधान, नजिकका व्यक्तिबाट दुःख । |
| **कुम्भ** | अर्थ अभाव, ठूला उपलब्धि हातपार्न समय लाग्ला । |
| **मीन** | लक्ष्य प्राप्ति सहज, स्वास्वास्थ्य चिन्ताले सताउने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस २७ गते, २०८०, १२ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६९ | १३३.२९ |
| युरो | १ को | १४५.०९ | १४५.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७४ | १६९.५० |
| स्विस फ्रैन्क | १ को | १५५.९६ | १५६.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८१ | ८९.२१ |
| क्यानाडियन डलर | १ को | ९९.२३ | ९९.६८ |
| सिंगापुर डलर | १ को | ९९.७२ | १००.१७ |
| जापानी येन | १० को | ९.२१ | ९.२५ |
| चिनियाँ युआन | १ को | १८.५२ | १८.६० |
| साउदी अरब रियाल | १ को | ३५.३८ | ३५.५४ |
| कतारी रियाल | १ को | ३६.४० | ३६.५६ |
| थाई भाट | १ को | ३.७९ | ३.८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१३ | ३६.२९ |
| मलेसियन रिङेट | १ को | २८.५८ | २८.७० |
| दक्षिण कोरियन वन | १०० को | १०.०५ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १२.९४ | १३.०० |
| डेनिस क्रोनर | १ को | १९.४५ | १९.५४ |
| हङकङ डलर | १ को | १६.९८ | १७.०६ |
| कुवेती दिनार | १ को | ४३१.६८ | ४३३.६३ |
| बहराइन दिनार | १ को | ३५१.९५ | ३५३.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# बिरामीलाई गुणस्तरीय सेवा दिनुहोला : प्रधानमन्त्री

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले वीर अस्पताल स्वास्थ्य क्षेत्रको आधार स्तम्भ भएकाले उपचारका क्रममा बिरामीले गुनासो गर्ने अवस्था नआउने गरी काम गर्न निर्देशन दिएका छन् । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का पदाधिकारीको छलफलमा दाहालले वीर अस्पतालबाट जनताले प्राप्त गर्ने सेवाबाट देशको स्वास्थ्य चित्र देखिने भएकाले पनि वीर अस्पतालको सेवामा गुणस्तरीय र सुलभ हुनुपर्ने बताए ।

वीर अस्पतालले माग गरेको स्रोतसाधन उपलब्ध गराउन सरकार प्रयासरत रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, 'बिरामीलाई गुणस्तरीय सेवा दिनुहोला, उपचारका क्रममा उहाँहरूले गुनासो गर्ने अवसथा आउनु भएन ।' वीर अस्पतालले परम्परागत तवरले भन्दा पनि जनताले अनुभूत गर्नेगरी आफ्ना सेवा उपलब्ध गराउनुपर्नेमा उनको जोड रह्यो ।

कुलपति नियुक्ति प्रक्रियामा आफूले छलफल चलाएको उल्लेख गर्दै दाहालले सम्बन्धित क्षेत्रकै विज्ञ कुलपति हुने व्यवस्था गरिने विश्वास दिलाए । छलफलमा न्याम्सका उपकुलपति डा भूपेन्द्रकुमार बस्नेतले अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको जानकारी गराउँदै वीर अस्पताललाई आवश्यक स्रोतसाधान उपलब्ध गराउन प्रधानमन्त्रीसँग आग्रह गरे ।

## 'बचतकर्ताको निक्षेप फिर्ता गर्न शीघ्र पहल गरिने'

**काठमाडौं (प्रस)–** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गरी आवश्यकताबमोजिम उपसमितिमार्फत तोकिएको सहकारीको चल, अचल सम्पत्तिको लेखाजोखा, लिलाम आदि गर्ने र निक्षेपकर्ताको निक्षेप फिर्ता गर्न शीघ्र पहल लिइने भएको छ ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सहकारीको सन्दर्भमा देखापरेका समस्या समाधान गर्ने उद्देश्यले आह्वान गरेको बैठकले बचत तथा कर्जा सुरक्षण कोष छिटो सञ्चालन गर्न आवश्यक पहल लिने निर्णय गरेको हो । गृह मन्त्रालयमा बुधबार आयोजित बैठकमा गृहसचिव, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सचिव, सहकारी विभागको रजिस्ट्रार, सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको संयोजक/सदस्य, गृह मन्त्रालयका सहसचिव, अर्थ मन्त्रालयका सहसचिवलगायतको उपस्थिति रहेको थियो ।

बैठकले सहकारी विभागले नियमित नियमन गर्ने र अनुसन्धानबाट प्राप्त प्रारम्भिक प्रतिवेदन आवश्यक कारबाहीका लागि कारबाही गर्ने निकायसमक्ष अविलम्ब पठाउने तथा नियामक निकाय गठन आदेशमार्फत गठन गरी कार्य प्रारम्भ गर्नुपर्ने निर्णय गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले यसअघि नै उक्त सन्दर्भमा दिएको निर्देशनबमोजिम नै उपप्रधानमन्त्री श्रेष्ठले निर्णयको अग्रसरता लिएका हुन् ।

## SUNAWARSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPLE EXECUTIVE
**DAINIYA, MORANG**
**KOSHI PROVINCE**

## INVITATION FOR BID

**Published date: 2080/09/27 (2024/01/12)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ROAD/ 080/81-08 | Maldaiya Sikti sadak kalopatre nirantarta | | 5,65,000 /- | 5,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:-Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2080/10/28 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2080/10/29. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Magh, 29, 2080 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

## सोलुदुधकुण्ड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

### सोलुदुधकुण्ड नगरपालिका बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

(प्रकाशित मिति: २०८०/०९/२७)

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८०/०८/२२ गते प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचनामा बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम मू.अ.कर बाहेक |
|---|---|---|---|
| 03/SCB/SDM/ 2080/81 | फोहोर मैला व्यवस्थापन पूर्वाधार निर्माण | आरपी कन्स्ट्रक्सन, सोलुदुधकुण्ड नगरपालिका वडा नं.-६, सोलुखुम्बु | रू.४२६८८६६।८० |
| 04 /SCB/SDM/ 2080/81 | जन जागृति माध्यमिक विद्यालयको खेल मैदान निर्माण | श्रेष्ठ कन्स्ट्रक्सन, सोलुदुधकुण्ड नगरपालिका वडा नं.-६, सोलुखुम्बु | रू.२५,८०,८०६।०० |

प्रमुख प्रशासकीय अधिकृत


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SCENIC AGRICULTURE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/04/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 266316 | चलानी नं. ६०१८३४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 40 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


### वार्षिक आय व्यय विवरण प्रकाशित गरिएको सूचना

यस बहुजन समाज पार्टी नेपालको आर्थिक वर्ष २०७९/०८० को बार्षिक आय व्यय विवरण अडिट भैसकेको र सो अनुसार आर्थिक वर्ष २०७९/०८० मा रु.१,००,०००/- (अक्षरुपी: एक लाख मात्र) भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

चुनाव चिन्ह
**बहुजन समाज पार्टी नेपाल**
बागडोल-४, ललितपुर

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/२७ गते)

पदम राज पाठकको नाति, शिवराज पाठकको छोरा, अनुराधा पुडासैनी (पाठक)को पति काठमाडौं जिल्ला, बालुवाटार वडा नं. ०४ बस्ने राजेश पाठकको मिति २०८०/०७/२७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको लालदरबार शाखामा रहेको बचत खाता नं.०१३००१०३२०३००००२ र ०१३००१०३२०३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय लालदरबार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय लालदरबार, काठमाडौं फोन नं. ०१-५३५६७१७**

### प्रमाणिकरणको सार्वजनिक सूचना


पदम कुमारी मल्ल

काठमाडौं जिल्ला काठमाडौं महानगर पालिका वडा नं. ४ बस्ने भारतीय सेनाको भू.पू. सैनिक नं. ५८४११४३ L रैक हवल्दार नाम यम बहादुर मल्ल पल्टन ४/९ जि.आर. को सर्भिस डकुमेन्टमा श्रीमतीको नाम पूर्ण देवी लेखिएको र निजको नागरिकता प्रमाणपत्रमा नाम पदम कुमारी मल्ल र जन्म मिति २७/०७/२०१८ लेखिएको भएता पनि दुबै नाम थर र जन्म मिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणिकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**महादेवस्थान, काभ्रेपलाञ्चोक**
**फोन नं. ०११४१२११३**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/२७)

यस नगरपालिकाको निम्न मितिका सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरुको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्रस्ताव निम्न मितिमा खोलिएको र उक्त बोलपत्रहरुको मुल्यांकन तगरि सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपशिलका योजनाहरुको लागी तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | सूचना मिति | बोलपत्र खोलिएको मिति | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| 09/Works/NCB/ MDM/080/81 | २०८०/०८/२८ | २०८०/०९/१३ | Ward No 5 Vitraka Bibhinna Yojanaharu | Maskey Construction, Kavre | रू १६,६८,९५९।४३ (सोह्र लाख अर्सठी हजार नौ सय उनानसाठी रूपैयाँ त्रिचालिस पैसा मात्र) |
| 11/Works/NCB/ MDM/080/81 | | | Ward No 9 Ko Bibhinna Yojanaharu | Deep Laxmi Construction, Kavre | रू १२,२५,७६९।४९ (बाह्र लाख पच्चिस हजार सात सय उनानसत्तरी रूपैयाँ उनानपचास पैसा मात्र) |
| 21/Works/NCB/ MDM/080/81 | २०८०/०८/१८ | २०८०/०९/१८ | Ward no 2 bhitraka bibhinna Khanepani yojana | Deep Laxmi Construction, Kavre | रू १७,९६,२४२।४८ (सत्र लाख छयानाब्बे हजार दुई सय बयालीस रूपैयाँ अर्चालिस पैसा मात्र) |
| 22/Works/NCB/ MDM/080/81 | | | Ward No 4 ka Bibhinna Yojanaharu | Gautam & Aarabh Construction Pvt. Ltd, Panchkhal | रू १७,४३,३८६।९६ (सत्र लाख त्रियालिस हजार तिन सय छयासी रूपैयाँ छयानब्बे पैसा मात्र) |
| 23/Works/NCB/ MDM/080/81 | | | Ward No 4 ka Sinchai tatha khanepani Yojanaharu | Gautam & Aarabh Construction Pvt. Ltd, Panchkhal | रू १५,३९,७२५।७० (पन्ध्र लाख उन्नानचालिस हजार सात सय पच्चीस रूपैयाँ सत्तरी पैसा मात्र) |
| 24/Works/NCB/ MDM/080/81 | | | Audhogik gram pauch marga phase-2 | Gautam & Aarabh Construction Pvt. Ltd, Panchkhal | रू ३०,९९,५८०।२२ (तिस लाख उनानसय हजार पाँच सय अस्सी रूपैयाँ बाहिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कार्यशैली कहिले सुधार्ने प्रधानमन्त्रीज्यू ?

सुशासनमा कुनै कसर बाँकी नराख्ने घोषणा गरेका थिए प्रधानमन्त्री पुष्पकमल दाहालले । तर उनकै सचिवालयका सदस्यले भ्रष्टाचार नियन्त्रयमा सरकार कमजोर भएको भन्दै राजीनामा दिइसकेका छन् ।

सत्तासहयात्री दल जनता समाजवादी पार्टीले पनि दाहाल सरकारले भ्रष्टाचारको कदम कमजोर रूपमा उठाएकोले सरकारमाथि प्रश्न उठेको आरोप बिहीबार लगाएको छ । यतिमात्र हैन, दाहाल आफ्नो काम देखाउनभन्दा पनि सत्ता जोगाउन र टिकाउनमै सीमित बनेको दाबी गरेको छ । हुन पनि प्रधानमन्त्री दाहालले घुर्की लगाउनेबाहेक आफ्नै सरकारका मन्त्रीहरूसँग केही भन्न सकेका छैनन् । प्रधानमन्त्री दाहाल कुनै मन्त्रीले आयोजना गरेको मन्त्रालयको फोस्रा गफ सुन्न प्रमुख अतिथि बन्न पाउँदै मक्ख छन् ।

प्रधानमन्त्री दाहालले प्रधानमन्त्री कार्यालयको पुनर्संरचना घोषणा गरेको १७ दिन बितिसकेको छ । तर उनको घोषणा अहिलेसम्म गफमै सीमित बनेको छ । पुस १० गते जनताको नाममा सम्बोधन गर्दै दाहालले एक हप्ताभित्रै प्रधानमन्त्री कार्यालयको पुनर्संरचना हुने घोषणा गरेका थिए । घोषणाको तेस्रो दिन १२ गते मन्त्रिपरिषद्बाटै प्रधानमन्त्री कार्यालयको पुनर्संरचना गरिने निर्णयसमेत भयो ।

एकैपटक ६८ दरबन्दी कटौती गर्ने निर्णय गरेको १५ दिन बित्दा पनि प्रधानमन्त्रीले कुनै हेरफेर गर्न सकेका छैनन् । प्रधानमन्त्री कार्यालयमा २३५ जनाको स्थायी दरबन्दी रहेकोमा मुख्यसचिवबाहेक पाँच सचिवको दरबन्दी रहेको छ । तर अहिले प्रधानमन्त्री कार्यालयको वेबसाइटमा हेर्दा मुख्यसचिवबाहेक नै सातजना सचिवको दरबन्दी रहेको देखिन्छ ।

ती सचिव कटाएर अब मुख्यसचिवबाहेक तीनजना सचिव राख्ने मन्त्रिपरिषद्को निर्णय थियो । तर प्रधानमन्त्री कार्यालयको कर्मचारी कटौती गर्ने कुनै सुरसार नभएको मन्त्रिपरिषद् कार्यालयकै कर्मचारी बताउँछन् । नेपाल विद्युत प्राधिकरणले मन्त्रिपरिषद्कै निर्णय मानिरहेका छैनन् । उद्योगीको लाइन जोड्न मन्त्रिपरिषद्कै निर्णय नमान्नु प्रधानमन्त्री कति कमजोर छन् भन्ने नमुना हो । जबकि प्रधानमन्त्रीको निर्देशन पाउनसाथ प्राधिकरण उद्योगीको विद्युत विच्छेद गर्न उत्रेको थियो । यस्तो बेला विद्युत विच्छेद गर्नु ठीक नभएको भन्दै चौतर्फी विरोध भएपछि प्रधानमन्त्रीले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई लाइन जोडिदिन पटकपटक निर्देशन दिए पनि यो काम हुन सकेको छैन ।

प्रधानमन्त्रीले अटेर कर्मचारीलाई न त कारबाही गर्न सकेका छन् न त कबोलेका काम गर्न सकेका छन् । नयाँ धक्का दिएर काम गर्छु भनेका प्रधानमन्त्रीको यही तालले कार्यशैली परिवर्तन गर्ला त ? टड्कारो प्रश्न यही बनेको छ ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यको जाली पत्रको योजना सफल भयो । चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए ।

यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे । विश्वास गर्न चाहानछौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुऱ्याउन चाहन्थ्यौ ।

राक्षसले चिठी हेरेर भ्वाट्ट सम्झे यो चाणक्यको कुनै योजना राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो । उसलाई निकाल्न अब सम्भव थिएन । उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो ।

रिसले युक्त भई त्यही स्वरमा मलयकेतुने मलाई मूर्ख ठान्छौ ? तिमी ब्राह्मण हो, बस यही कारणले जीवित छोड्छु । यहाँबाट जाऊ । राक्षसले पनि सोचे यस्ता मूर्खलाई सम्झाउनु व्यर्थ छ । निराश भई राक्षस कुनै अज्ञात स्थानतिर गए ।

केही दिनपछि चन्द्रगुप्त रे आचार्य चाणक्य एकअर्कासँग भेटिए । चाणक्यले भने- 'यस ब्राह्मणको काम सकियो । भूमण्डलमा आज भारतवर्षको गौरव परिलक्षित छ । चाणक्य चाहन्थ्यो टुक्रा-टुक्रा बाँडिएको भारतवर्ष एउटै झन्डामुनि लोककल्याणकारी राज्य होस् । आज मेरो इच्छा पूर्ण भयो ।'

केही उदास स्वरमा चन्द्रगुप्त चाणक्यसँग बोले- 'जुन कर्मबीरले आफ्नो त्याग र बुद्धिबलले यत्रो विशाल साम्राज्य स्थापना गरे यस्तो सम्पूर्ण प्रभुत्व सम्पन्न राज्यका संस्थापक महात्मा चाणक्य एक साधारण झुपडीमा वस्तु यो चन्द्रगुप्तलाई शोभा दिंदैन ।

चाणक्य केही शान्त रहे अनि केही हाँस्तै चन्द्रगुप्तका काँधमा हात राख्दै भने- 'जुन राजा सर्वगुणसम्पन्न भइकन पनि जनहितमा तल्लीन रहँदैन जनताले त्यस्ता राजालाई पदच्युत गर्दछन् । मैले भोग्नका लागि होइन मानवकल्याणको कामनाका निम्ति यो संगठित साम्राज्यको स्थापना गरें । यो पृथ्वी आमाका केटाकेटी, छोराहरूको सम्पत्ति हो मेरो जुन काम थियो त्यो पूरा भयो । तिम्रो राज्य बारम्बार फलोस् यही मेरो आर्शिर्वाद ! यो ब्राह्मण आउने एकादशीका वनतिर लाग्नेछ ।'

चाणक्यबाट यस्ता कुरा सुनी छक्क पर्दै चन्द्रगुप्त किंकर्तव्यविमूढ बने । क्रमशः

# बहसमा राजतन्त्र पुनःस्थापना



▶▶ टिकाराम खड्का

राजतन्त्र फालेपछि धेरै चमत्कार हुन्छ, नेपाल सिंगापुर बन्छलगायतका धेरै मीठा कुरा सुनेका जनता गणतन्त्रमा आएपछि राजनीतिक अस्थिरता र यसभित्र चलेको चरम भ्रष्टाचार, अनियमितता र अपारदर्शिताले वाक्क बन्न थालेका छन् । विदेशिनेको संख्या बढेको छ । मुलुकमा रोजगारी पाउने स्थिति छैन । मानिसका आकांक्षा बढेका बढ्यै छन् । प्रविधिको तीव्र विकासका कारण आवश्यकता आजभन्दा भोलि दोब्बर बनिरहेका छन् । मानिसहरु अभावको दोष गणतन्त्रलाई दिन थालेका छन् । यसकारण पनि राजतन्त्रको माहोल केही बनेको भने पक्कै छ । तर राजा फर्किनेगरी नै जनताले माग राख्न थालिसकेको आधार भने देखिन्न ।

२४० वर्ष राजतन्त्रको अन्त्य गर्दै नेपाल नयाँ युगमा प्रवेश गरेको दुई दशक नबित्दै पूर्वराजा ज्ञानेन्द शाहले सक्रिय र कार्यकारी भूमिकाको खोजी गर्न थालेका छन् । बेलाबेलामा मुलुकको राजनीतिक स्थितिमाथि प्रहार गर्दै आएका पूर्वराजा ज्ञानेन्द्रले मुख फोरेरै अब सत्ताको बागडोर आफ्नो हातमा आउनुपर्ने आशय व्यक्त गरे । पूर्वराजामा यस्तो साहस कसरी प्राप्त भयो ? के पूर्वराजामाथि राजावादी दल राप्रपाको समर्थन मात्रैले यो बल प्राप्त भएको हो ? अनेक कोणबाट बहस गर्न थालिएको छ ।

राप्रपाले शक्ति आर्जन धेरै ठूलो मात्रामा गर्न नसकेपनि अहिले प्रतिनिधिसभामा प्रत्यक्षमा सात र समानुपातिक सात गरेर १४ सिट जितेको छ । प्रत्यक्षजत्तिकै समानुपातिक सिट पाएको राप्रपा कहिले बौरिएला यसै भन्न सकिने स्थिति भने छैन । तर ज्ञानेन्द्रले आफू कार्यकारी भूमिकामा देशको नेतृत्वमा आउने घोषणा गर्न थालेका छन् । यसले गणतन्त्रवादी दल र नेताहरूलाई भने तनाव बनाइदिएको छ ।

भैरहवामा पुस १९ गते सार्वजनिक सम्बोधन गरेका ज्ञानेन्द्रले राप्रपाका शीर्ष नेताहरूलाई समेत बोलाएर कार्यक्रमपूर्व नै छलफल गरे । त्यो छलफलमा पूर्वराजाले पछिल्लो समय राजसंस्थाको पक्षमा राम्रो माहोल बन्दै गएको र जनतामा पनि गणतन्त्रप्रति चर्को निराशा फैलिरहेकाले सही समय भएकाले कसरी अघि बढ्ने भन्ने विषयमा छलफल गरेको बुझिएको छ ।

### राप्रपा र पूर्वराजाबीच नै मतभेद

राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल गरी दुई पार्टीले घोषित राजसंस्थाको मुद्दा बोकेर राजनीति गरिरहेका छन् । राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा र कमल थापा नेतृत्वको राप्रपा नेपालले राजालाई अभिभावकको रूपमा ल्याउन चाहेको बताउँदै आएका छन् ।

राप्रपाले राजनीतिक घोषणापत्रमै कार्यकारी प्रधानमन्त्री र राजसंस्थालाई अभिभावकको रूपमा चाहेको बताउने गरेको छ । गएको भदौ २७ गते एक कार्यक्रममा बोल्दै लिङ्देनले १२ बुँदे दिल्ली सम्झौतामा संलग्न नेताहरूलाई भरिया बनेर आएको आरोप लगाए । उनले राजालाई अभिभावकीय संस्थाको रूपमा र जननिर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गरौं भन्दै सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । यता, राप्रपा नेपालका अध्यक्ष थापाले पनि मध्यपश्चिमाञ्चलस्तरीय एक कार्यक्रममा गएको पुस १२ गते कार्यकारी, सक्रिय र प्रजातन्त्र नै खाइदिने राजतन्त्र अब आवश्यक नरहेको तर्क पेस गरे । उनले राजालाई इमानको प्रतीकको रूपमा तुलना गर्दै 'सेरेमोनियल' राजाको आवश्यकता औंल्याए । हुनत, थापाले यसअघि नै राप्रपाको अध्यक्षमा लिङदेनसँग पराजित भएपछि निर्मल निवासले हस्तक्षेप गरेको भन्दै राजसंस्थाको मुद्दा नै छाडेका थिए ।

राजावादी दल राप्रपाले चाहेको राजा कार्यकारी भूमिका पाएको संस्थाको रूपमा होइन । केवल सेरोमोनियलमात्रै हो । तर ज्ञानेन्द्रले भने आफू जता-जताको कार्यक्रममा पुग्यो त्यतै 'मलाई आऊ, देश बचाऊ भनेको सुन्छु, म नेपालमै छु' भन्दै १९ पुसमा भैरहवाबाट कार्यकारी भूमिका खोजेको प्रस्ट सन्देश प्रवाह गरे । यसरी ज्ञानेन्द्रले आफू अब सत्ताको बागडोर सम्हाल्नेगरी आउन चाहेको बताएको सन्दर्भलाई कतिपयले उनले नारायणहिटी छाड्दै गर्दा संविधान र कानुनको पालना गर्ने राजसंस्थाको नियम भएको र जनताको नासो जनतालाई नै फर्काए भन्दै बाहिरिएको दृश्यलाई समेत जोड्ने गरेका छन् । उनले त्यो बेला फिर्ता दिएको भनेको नासो अहिले गणतन्त्रको रूपमा चलिरहेको छ । उनले के गणतन्त्रलाई फिर्ता माग्दै राजतन्त्रको वकालत गरेका हुन् ? प्रश्न उब्जिएको छ । तर राप्रपाले चाहेको सेरोमोनियल राजा र पूर्वराजाले चाहेको कार्यकारी भूमिका अलमलको केन्द्रमा रहेकै कारण पनि यो विषय थप जटिलतातर्फ धकेलिएको छ । किनभने राजसंस्थाको वकालत गर्ने राप्रपा र ज्ञानेन्द्रको बुझाइमै ठूलो अन्तर छरपष्ट भएको छ ।

### दलका नेताहरूको आक्रोश

ठूला दलका शीर्ष नेताहरूले ज्ञानेन्द्रप्रति आक्रोश पोख्ने गरेको विषय लुकेको छैन । राजाको आवश्यकता किन छैन भन्ने सन्दर्भमा प्रधानमन्त्री पुष्पकमल दाहालले बेलाबेलामा धारणा सार्वजनिक गर्ने गरेका छन् । उनले आफ्नो हरेक अभिव्यक्तिमा राजाको आवश्यकता नभएरै फालिएको र सामान्य जनताको रूपमा सक्रिय बन्न चेतावनी दिने गरेका छन् । धेरै चुरीफुरी गरे निर्मलनिवासबाटै निकाल्ने भन्दै अभिव्यक्ति दिने दाहाल पछिल्लो समय देशमा निराशाको व्यापार बढेको र यसैको आडमा गणतन्त्र विरोधी शक्तिले चलखेल तीव्र पारेकोमा विश्वास गर्छन् । अहिलेको व्यवस्थाका लागि लडेका प्रधानमन्त्री दाहालले पूर्वराजा र गणतन्त्र विरोधी आवाजलाई सहन गर्न सकेको देखिन्न । तर मुलुकको शासन प्रणालीमाथि ठूलो सुधारको खाँचो रहेकै कारण अहिलेको अवस्था सिर्जना भएकोमासमेत उनी जानकार छन् ।

संसद्को पहिलो दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पनि गणतन्त्रको विकल्प उन्नत गणतन्त्र नै भएकाले यसलाई मलजल गर्नुपर्ने र बलियो बनाउन सबै मिल्नुपर्ने तर्क राख्छन् । तर एमाले अध्यक्ष केपी शर्मा ओली भने राजा र राजतन्त्रप्रति धेरै नै आक्रोशित सुनिन्छन् । २४० वर्ष नेपाली जनतालाई चुसेको राजतन्त्र अब आवश्यक नभएको र सुझबुझपूर्ण ढंगले नफालिएको भए उहिल्यै फिर्ता ल्याइसक्थ्यौं भन्दै राजतन्त्रको वकालत गर्नेहरू पश्चागमनकारी भएको भन्दै कडा आलोचना गर्छन् । कांग्रेस मेलमिलाप दिवसको अवसरमा आयोजित कार्यक्रममा त ओलीले राजालाई आउनै नदिने ठोकुवा नै गरे । पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई पनि राजालाई राजनीतिमा आउन चुनौती दिनेमा पर्छन् ।

ठूला दलका शीर्ष नेताहरू राजसंस्थाप्रति धेरै अरुचिकर बन्दा के राजा फर्किएलान् ? प्रश्न जति पेचिलो छ, जवाफ त्यति नै जटिल छ । नेताहरूको आक्रोश र राजसंस्थाको वकालत गर्ने दलहरूबीचको सहकार्य राम्रो देखिए पनि दलीय आक्रोश रोकिने क्रम भने देखिन्न ।

### राजतन्त्रको पक्षमा बनेको माहोल

राजाको प्रत्यक्ष शासन व्यहोरेको पुस्ता लगभग जीवनको उत्तरार्द्धमा छ । त्यो बेला भर्खर जन्मिएको पुस्ताले राजाको शासन कस्तो थियो भन्ने राम्ररी बुझेकै छैन । जो राजसंस्थाबाट पालित पोषित थिए, उनीहरू अहिले पनि हालीमुहाली गर्नका लागि भए पनि राजतन्त्रको वकालत गरिरहन्छन् । तर पीडा, युद्ध र हेपाइँ भोगेकाहरू राजा भन्नेबित्तिकै आवेग र आक्रोश पोखिहाल्ने अवस्था छ ।


'जेनेरेसन ग्याप' (पुस्तान्तर) लाई कारण वा मानक ठूलो मात्रामा मान्न सकिन्न । तर राजतन्त्र फालेपछि धेरै चमत्कार हुन्छ, नेपाल सिंगापुर बन्छलगायतका धेरै मीठा कुरा सुनेका जनता गणतन्त्रमा आएपछि राजनीतिक अस्थिरता र यसभित्र चलेको चरम भ्रष्टाचार, अनियमितता र अपारदर्शिताले वाक्क बन्न थालेका छन् । विदेशिनेको संख्या बढेको छ । मुलुकमा रोजगारी पाउने स्थिति छैन । मानिसका आकांक्षा बढेका बढ्यै छन् । प्रविधिको तीव्र विकासका कारण आवश्यकता आजभन्दा भोलि दोब्बर बनिरहेका छन् । मानिसहरू अभावको दोष गणतन्त्रलाई दिन थालेका छन् । यसकारण पनि राजतन्त्रको माहोल केही बनेको भने पक्कै छ । तर राजा फर्किनेगरी नै जनताले माग राख्न थालिसकेको आधार भने देखिन्न ।

### गणतन्त्रमाथिको खतरा कहिलेसम्म ?

राजसंस्थाको मागमा जोडिएको धर्म र धर्मसँग जोडिएको संघीयतालाई राजनीतिक नेतृत्वले मिहीन ढंगले बुझ्न सकेन भने गणतन्त्रमाथिको खतरा थप बढेर जाने छ । भ्रष्टाचर, बेथिति, अनियमितता र दलालीतन्त्रको विगविगी रोक्न नसकिए समस्या थप विकराल बन्ने छ । तर यस्ता तमाम विषयमा दल, नेता, सरकार र सरोकारवालाले उत्तरदायी शासन व्यवस्थाको पालना गर्दै जनतालाई थप अधिकार सम्पन्न बनाउने र देशको आर्थिक स्थिति सुधार गर्दै जनताको जीवनस्तर उकास्न काम गरेमामात्रै पनि पश्चागमनको मुद्दा सेलाएर जाने छ । तर कसले भन्दिने र यी सबै काम हाम्रो प्रणालीले गर्ने भन्ने मूल प्रश्न बनेको छ । सबैको चरित्र माफिया र दलालीमा छिरेको छ । यसबाट उम्किन नसके दुर्घटना नजिक छ । त्यो राजसंस्थाको नाममा पनि हुनसक्छ वा अर्को किसिमको विद्रोहको रूपमा पनि हुनसक्छ ।

*tikaramkhadka65@gmail.com*

# पृथ्वीनारायण शाहको आलोचनात्मक इतिहास



▶▶ श्याम रिमाल

कुनै कालखण्डमा कुनै व्यक्तित्वप्रति राखिएको दृष्टिकोण सधैं एउटै हुँदैन । नेपाली इतिहासका ऐतिहासिक व्यक्तित्वहरूको पुनर्मूल्यांकन हुनुपर्छ भन्नेमा विद्वान्हरूले मत जाहेर गरिरहेका छन् । पृथ्वीनारायण शाह, जंगबहादुर राणा, बिपी कोइराला, महेन्द्र शाहलगायत व्यक्तिमाथि कुनै समय राखिएको विचार समयका दौरानमा परिवर्तन हुँदै, थोरै मात्र आलोच्य हुँदै गइरहेको पढ्न पाइन्छ । हरेक वर्ष खास गरी पुस २७ का वरिपरि उनका पक्षविपक्षमा पत्रपत्रिकामा लेखरचनाको जुहारी चल्ने तथा अन्तर्क्रिया-बहस हुने गरेको छ ।

राणाकालमा नाम नै उच्चारण नै गर्न नहुने भनिएका पृथ्वीनारायणलाई पञ्चायतकालभरि नेपाल एकीकरणकर्ता र राष्ट्रिय एकताका प्रतीकका रूपमा मानिरहेका अवस्थामा पछिल्लो समय खासगरी माओवादी सशस्त्र द्वन्द्वकाल र त्यसयता जातीय राज्यको मागसँगै उनलाई विस्तारवादी, राज्य केन्द्रीयतावादी र क्रूरताका नायक मान्नेहरू पनि जन्मँदै गरेको अवस्था छ । उनको जन्मदिनमा बिदा दिने-नदिने, राज्यस्तरबाट सभासमारोह गर्ने-नगर्ने चलन पनि चल्दै हाल सरकारी तवरबाट सार्वजनिक बिदा दिने निर्णय पनि हुन थालेको स्थिति छ । पृथ्वीनारायणको आलोचना नेपाली व्यापक राष्ट्रिय एकता वृद्धि गर्ने सोचाइबाट नै आएको छ भने त्यसलाई मान्नु बेस हुने छ ।


'देवत्वकरण इतिहास लेखनको मर्म र धर्मविपरीत पक्ष हो । ...ढाकछोप गरिएका सत्यलाई उजागर गर्ने समय आयो,' लेखकले भूमिकामा लेखेर प्रस्तुत कृति लेखनको आफ्नो अभीष्ट स्पष्ट पारेका छन्, जुन स्वाभाविक पनि हो ।

साहित्यकार-पत्रकार हुँदै प्रवास बसाइका क्रममा इतिहास अनुसन्धाताको परिचय बनाएका राजकुमार दिक्पालले 'जंगबहादुरको युग : ऐतिहासिक अध्ययन' (साग्रिला पुस्तक प्रा.लि., २०७९) र तामाङलगायत अन्य सीमान्तकृतहरूले गरेको विद्रोह समेटिएको 'आदिवासी विद्रोहको इतिहास' (मञ्जरी पब्लिकेशन, २०७९-किरात एकेडेमी पुरस्कार प्राप्त), 'मगर इतिहास' (मनोज घर्तीसँग संयुक्त) र हाल 'पृथ्वीनारायण शाह : आलोचनात्मक इतिहास' (मञ्जरी पब्लिकेशन, २०८०) प्रकाशनसँगै बेलाबखत पत्रपत्रिकामा नेपाली इतिहासका विविध पक्षलाई उधिन्दै पनि आएका छन् । धनकुटादेखि राजधानीको बसाइ हुँदै हाल प्रवासमा रहेका लेखकले आफ्नो सीमित समयमा पनि इतिहासजस्तो प्रामाणिकता खोज्ने विषयमाथि सदैव घोत्लिएर कृतिहरू प्रकाशन गर्दै जानु सराहनीय छ र गहन विषय समातिएको उनको पछिल्लो कृति उनको अनुसन्धानको भोकबाट सिर्जना गरिएकाले पठनीय नै हुन सक्छ ।

बाइस अध्यायमा लिखित समीक्ष्य कृतिमा पृथ्वीनारायणको मूल कार्यमा आलोचना गर्ने वा उनलाई विस्तारवादी-केन्द्रवादी भन्नेतिर नगई उनले बाल्यावस्था, युवराजकाल र राजा भएपछि एकीकरणलगायत विभिन्न व्यवहारका क्रममा नकारात्मक काम, अमानवीयता र क्रूरताका पक्ष तथा केही जनमानसमा फैलन नसकेका घटना, व्यापारिक काम आदिबारे उधिन्ने प्रयास गरिएको छ ।

पृथ्वीनारायणको जन्म नै भुटानी लामा लोपाबाट भएको बौद्धपूजा र तान्त्रिक अनुष्ठानबाट भएको रोचक विवरण उल्लेख गर्दै गोरखा फौजलाई भोटका फौजले घेरिरहेका बखत भोटसँग सन्धि गरिदिएबापत उनी र अन्य लामालाई ताम्रपत्र जारी गरेर गुम्बा दान गरेको जनाइएको छ । उनले जनताका बारीका उखुबारीमा उखु चोर्नेदेखि लिएर अर्काको गहना र हात्तीमाथि आँखा गाडेका घटना तथा बेलाबखत भाइभारदार र शत्रु राज्यका मानिसहरूलाई कुनै न कुनै दोष देखाएर कटाउने-मराउने कुरामा आदेश दिएको भनी लेखकले जिकिर गरेका छन् ।

राजा हुनेबित्तिकै बनारस गई हातहतियारसहित फर्कंदा सीमा भन्सारमा जाँचका क्रममा त्यहाँका कर्मचारीलाई कटाएको र आफ्नो ज्यान जोगाउन नै मुस्किल परेको, कीर्तिपुर युद्धमा पनि आफ्नै हठले युद्ध गर्न पुग्दा आफैं झन्डै मारिएकोजस्ता घटना पनि उनीसँग सम्बन्धित छन् । उनका मकवानपुर र गोरखपुरका गरी दुई रानी इतिहासमा सर्वत्र लेखिए पनि भक्तपुर बसाइका क्रममा एक नेवार कन्या पनि प्राप्त गरेको कुराचाहिँ धेरैलाई थाहा




नहोला, जुन यस कृतिमा उल्लेख गरिएको छ । नुवाकोटबाट लखेटिएर कान्तिपुरका उमराव बनेका जयन्त रानालाई बेलकोट विजयपछि छाला काढेर मारिएको, तनहुँका राजा त्रिविक्रमले डोलीमा बोकिएर गएकी आफ्नी बिरामी रानीमाथि नजर लगाएको आरोपमा उनलाई पनि पक्राउ गरेको पनि उल्लेख छ जुन अन्यत्र पनि आएकै कुरा हो ।

भादगाउँ विजयपछि राजा तथा मितबा रणजित मल्ल र भागेर त्यहाँ पुगेका जयप्रकाश मल्लका हकमा सम्मान नै गरेका पृथ्वीनारायणले त्यहीं शरण लिन आएका अर्का राजा तेजनरसिंह मल्ललाई भने कोर्रा हान्न लगाएको प्रसंग पनि यहाँ आएको छ । कीर्तिपुरमा लडाइँ गर्ने परिस्थिति नभएको भनी काजी कालु पाँडेले सल्लाह दिंदादिंदै पनि आक्रमण गर्दा पाँडेको निधन राजहठले भएको कृतिमा स्पष्ट गरिएको छ । बन्दुकका बलमा निर्दोषको नरसंहार, तिमालकोटको युद्धमा छलकपट, कीर्तिपुरेको नाक-कान कटाइ, कमारा-कमारी राख्न दिने चलन, नगरकोटीको संहार र माझकिरातमा अत्याचारजस्ता आलोचनात्मक पक्षको पनि चर्चा गरिएको छ । कृतिका सबै अध्यायमा पृथ्वीनारायणको मात्र नभएर भाइ, भारदार, छोरा, नातिहरूका नकारात्मक पक्षमाथि पनि कलम चलाएर यसलाई सामान्य विस्तार गर्ने प्रयास भएको छ । भुटानसँगको सम्बन्ध र 'दिव्योपदेश' को उत्पत्तिबारे कृतिमा चर्चा गरिए पनि त्यसमा खासै आलोचना गरिएको छैन ।

पृथ्वीनारायणले एकीकरणको अभियान चलाएर नेपालको सिमाना विस्तार गरेको वा पुनःस्थापना गरेको कुरा प्रायः सबै कृतिमा पाइने भए पनि प्रस्तुत कृतिमा त्यस कर्मलाई गोरखा 'राज्य विस्तारको योजना' भनी प्रसंगवश कतै कतै मत बुझाइएको छ ।

लेखक दिक्पालले यी सबै लेखनमा बाबुराम आचार्य, नयराज-महेशराज-दिनेशराज पन्त, धनबज्र बज्राचार्य, योगी नरहरिनाथ, डा. राजेश गौतम, मोहनप्रसाद खनाल, चित्तरञ्जन नेपाली, सूर्यविक्रम ज्ञवाली, इमानसिंह चेम्जोङजस्ता इतिहासकार, विद्वान् एवं लेखकका कृति तथा लेखरचनाबाट उद्धृत गर्दै आफ्नो विश्लेषण पनि दिएका छन् ।

कृतिमा तथ्यतथ्यांक र वाक्यमा निकै पुनरुक्ति छन् । पत्रकारको पनि परिचय बनाएका युवा लेखक दिक्पालले एकै विषयमा ठाउँठाउँमा दोहोऱ्याइ तेहऱ्याइ लेख्दा पाठकलाई झिँजो लाग्नु स्वाभाविक छ । सामान्य वाक्य संरचना र वर्णविन्यासमा त्रुटि छन् । कोलम्बसले अमेरिका पत्ता लगाएको सन् १४९२ हुनुपर्नेमा १५४९ भएको छ ।

प्रस्तुत कृतिमा लेखकले पीडितका पक्षलाई पनि अध्ययन अनुसन्धानबाट उजागर गर्ने प्रयास गरेका छन् । यसमा प्राप्त तथ्यतथ्यांकमा विश्लेषण गरी आफ्नो धेरथोर राय दिनेसम्मको काम भएको छ । यसर्थ प्रस्तुत कृतिलाई मौलिक मान्न नसकिए पनि राष्ट्रिय विभूतिको आलोचनात्मक पक्षलाई पनि उजागर गरिदिएर लेखकले इतिहासका विद्यार्थी र पाठकहरूलाई गुन लगाएका छन् । साहित्यकार-इतिहासकार वैरागी काइँलालाई समर्पण गरिएको कृतिमा प्रस्तुत गरिएका उनका कमीकमजोरीले उनको राष्ट्रनिर्माताको छवि भने धुमिल नहुने स्पष्ट छ । *रासस*

## हिमाल बचाउन र पानीको स्रोत जोगाउन आग्रह

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलसँग आयरल्यान्डको माथिल्लो सभाका अध्यक्ष जेरी बट्टिमरको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेका छन् । राष्ट्रपति भवन शीतल निवासमा विहिबार भएको भेटवार्तामा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि हिमाल बचाउन र पानीको स्रोत जोगाउने साझा मुद्दामा दुवै देश मिलेर काम गर्नुपर्ने बताएका हुन् ।

हिमाल बचाउने कुरा नेपालको मात्र नभएर विश्वकै साझा चुनौती भएको उल्लेख गर्दै जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि कार्बन उत्सर्जन बढी गर्ने मुलुकले बढी लगानी गर्नुपर्ने नेपालको धारणाबारे पौडेलले स्पष्ट पारेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । बन्धुत्व, आपसी सहयोग तथा समझदारीमा आधारित दुई देशको सम्बन्ध आगामी दिनहरूमा थप मजबुत बनाउँदै बहुपक्षीय क्षेत्र एवम् अन्तराष्ट्रिय मञ्चहरूमा साझेदारी गर्दै अगाडि बढ्नुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिए ।

# बमजन पुर्पक्षका लागि थुनामा

**काठमाडौं–** यौन शोषणको अभियोग लागेका रामबहादुर बमजनलाई सर्लाही जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ । न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासले थुनछेक बहसछि बिहीबार पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको उक्त अदालतका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए । जिल्ला अदालत सर्लाहीको आदेशपछि बमजनलाई जिल्ला कारागार महोत्तरी चलान गरिएको हो ।

अदालतभित्र बहस चलिरहेको समयमा ठूलो संख्यामा बाहिर बमजनका अनुयायीहरू भेला भएका थिए । अदालतभित्र र बाहिर ठूलो संख्यामा सुरक्षाकर्मी पनि परिचालन गरिएको थियो । सर्लाहीको लालबन्दी नगरपालिकाको पत्थरकोटस्थित बमजनको आश्रमस्थलमा आनी बनेर बसेकी एक बालिकालाई जबर्जस्ती करणी गरेको आरोप लगाउँदै तपस्वी बमजनविरुद्ध बाल यौन शोषणको मुद्दा दायर भएको थियो । यौन शोषणको मुद्दामा अदालतले २०७६ साल माघ २३ गते बमजनलाई पक्राउ गर्न आदेश



दिएको थियो । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीआईबी) को टोलीले बमजनलाई मंगलवार बुढानीलकण्ठस्थित घरबाट पक्राउ गरेको थियो ।

## NOC हराएको सूचना

मिति 2080-9-18 गते कलंकीदेखि डिल्लीबजार सम्म जाँदा मेरो निम्न व्यहोरा भएको No Objection Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Rikesh Rai**
NOC No. **793697468**
Address : **Birtamode 5, Jhapa**
Level: **Master**
Institution : **La Trobe University**
Country: **Australia**
Mobile : **9808005872**

## माईग्रेसन हराएको सूचना

मितिः २०८०/०७/२१ गते बालाजुदेखि माछापोखरी जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सबिना ढकाल**
**रजिस्ट्रेसन.नं.:** ७५२७६३२८७
**सिम्बोल.नं.:** २२७१५८९६
**ठेगाना.:** कालिका ३, रसुवा
**सम्पर्कः** ९८४९५८५७१३

## भोक्राहा नरसिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

### ठेक्का स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०।०९।२७)

यस गाउँपालिकाबाट तपशिलको बाटो निर्माण कार्यका लागि मिति २०८०।०७।२४ गते प्रभाव पत्रिकामा प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक ई-बिड मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये उल्लेखित सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि. नं | ठेक्का नं./योजनाको नाम | न्युनतम मूल्याक्तित सफल बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| 1. | BNRM/WORKS/ROAD/05/2080/2081 "Wada no. 05 Ko Purwa Paschim Rajmarga Bata Factory Hudai Dakshin Sadak Kalopatre" | H.M Builders-Samiksha JV, Inaruwa, Sunsari | NPR. 4,26,98,552.97 |
| 2. | BNRM/WORKS/ROAD/04/2080/2081 (Wada no. 08 ko Hulaki Rajmarga(Kabristaan) Dekhi Sasatra BOP Camp Hudai Bharat Simana Samma Sadak Kalopatre) | H.M Builders-Samiksha/JV, Inaruwa, Sunsari | NPR. 3,86,77,864.55 |

प्रमुख प्रशासकीय अधिकृत

## Bhimphedi Rural Municipality
### Office of Rural Municipal Executive
Bhimphedi, Makwanpur
Bagmati Province, Nepal.

### Invitation for Bids

**Date of publication: 12-01-2024**

1. **The Bhimphedi Rural Municipality** has allocated funds towards the cost of construction of school building of following details and invites following electronic bids from eligible national competitive bidders.
2. The details of the project is as following.

| Contract No/ID | Description of Procurement | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) | Bid Validity/Bid Bond Validity Period | Last Date of Bid Submission | The Estimated Amount for the work. Rs. (in NRs) |
|---|---|---|---|---|---|---|
| BRMMK/NCB/CSPPB/08-2080.081 | Construction of Shree Pokhari Pra.Vi School Building at ward-2. | 5,75,000 | 3,000 | 90 Days/120 Day's form Last date of bid submission. | 11-02-2024 until 12:00 | 1,71,51,090.75 (Exclusive of VAT and Contingencies) |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-02-2024 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi, Makwanpur, Bagmati Province Nepal.
5. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.
7. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/epg.

**Chief Administrative Officer**

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RADAR SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 275834 | चलानी नं. ६०१९१७३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

trust INTL OVERSEAS Lic. No. 1521/074-075
**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.** Govt. License 1521/074/075
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
**E-mail :** trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NOODLE BAR RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति : २०८०/०९/११ | LT. No. 297121 | चलानी नं.६०२१२४५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1000 | ३५,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NILA RESTAURANT & CATERING**

पूर्व स्वीकृति मितिः २०८०/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 286814 | चलानी नं. ६०२०२२०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1500 | ५४,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDULLAH RASHID MOHAMMED AL-MAADI TRANSPORT EST.**

पूर्व स्वीकृति मिति २०७९/११/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. :282494 | चलानी नं.६०१९७८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1900 | ६६,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. २५७/०५८/०५९
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Mobile: 9851054136, 9841012386, 9841345696
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## MAURITIUS मा रोजगारीको सुवर्ण अवसर

कम्पनी : **LIGNE DORAN CONTRACTING CO LTD**

पुर्व स्वीकृति मिति : २०८०/०९/२४ | LT. No.297823 | चलानी नं. ६०२१२९००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabinet Maker | 50 | 0 | 15000 | ४४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 297823 मितिः २०८०/०९/२६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

प्रभाव दैनिक




## आँचलको मुख्य भूमिकामा 'एक मुट्ठी बादल'


आँचल शर्माको मुख्य भूमिका रहने फिल्म 'एक मुट्ठी बादल' निर्माण हुने भएको छ। फिल्मको निर्देशन सहारा शर्माले गर्न लागेकी हुन्। आँचलको अलवा सहयोगराज अधिकारीको मुख्य भूमिका रहने फिल्मको बिहीबार एक पोस्टर सार्वजनिक गर्दै घोषणा गरिएको हो। सहाराको यो दोस्रो प्रोजेक्ट हो। उनले यसअघि 'इन्द्रेणी खोज्दै जाँदा' बनाएकी थिइन्। पारिवारिका विषयवस्तुमा निर्माण हुन लागेको फिल्मको निर्माता अभिमन्यु दीक्षित हुन्। फिल्मको छायांकन आगामी फेब्रुअरीमा पोखरामा हुनेछ। फिल्मको पटकथा सहाराले नै लेखेकी हुन्। गौंथली इन्टरटेनमेन्ट र अन्डरग्राउन्ड टकिजले निर्माण सहकार्य रहने फिल्म फेस्टिभल र हल दुबैलाई लक्षित गरेर निर्माण हुन लागेको हो।



शुक्रबार २७, पुस २०८० (Friday, January 12, 2024)

# मण्डलामा माघ ११ देखि 'मासिन्या'






■ प्रभाव संवाददाता

**काठमाडौं–** थापागाउँस्थित मण्डला थिएटरमा माघ ११ देखि २८ गतेसम्म नाटक 'मासिन्या' मञ्चन हुने भएको छ।

नाटकको निर्देशन तथा परिकल्पना बुद्धि तामाङ र सोनाम लामाले गरेका छन्। तामाङ जातिले भोगेको पीडा र संघर्षको कथा नाटकमा समेटिएको छ। नाटकको कथालाई राबत, राजु स्याङ्तान र लक्ष्मी रुम्बाले लेखेका हुन्।

नाटकले तामाङ समुदायको मुद्दालाई उठान गरेको निर्देशक बुद्धिको भनाइ छ। उनका अनुसार तामाङको पीडादायी कथासँगै नाटकमा तामाङ जीवनको लय, सौर्न्दर्य, डम्फू संस्कृति र परिवेशलाई चित्रण गरिएको छ। नाटकको माध्यमबाट तामाङ समुदायलाई नजिकबाट बुझ्न सघाउ मिल्ने नाटक समुहको विश्वास छ।

अहिले बौद्ध चुच्चेपाटीस्थित नेपाल तामाङ घेदुङको हलमा रिहर्सल जारी रहेको नाटकमा सुनिल तामाङ, रविन दोङ, रमिला मोक्तान लगायतका कलाकारहरूको अभिनय रहेको छ।

# 'नमेटिएको घाउ'बाट निर्देशनमा रमित



**काठमाडौं (प्रस)–** अभिनेता रमित ढुङ्गाना निर्देशनमा डेब्यु गर्ने भएका छन्। एसिड सर्भाइभर मुस्कान खातुनको जीवन कथामा बन्न लागेको फिल्म 'नमेटिएको घाउ' बाट उनी निर्देशनमा डेब्यु गर्न लागेका हुन्।

'नमेटिएको घाउ' को नाम यसअघि 'मुस्कान' राखिएको थियो। अभिनेता ढुङ्गाना स्वयंको निर्माण रहने फिल्ममा मुस्कानकै मुख्य भूमिका छ। एसिड आक्रमणपछिको दृश्यमा उनको अभिनय रहने जनाइएको छ।

एसिड आक्रमण हुनुभन्दा अगाडिको पार्टमा भने रचना गौतम मुस्कान बन्नेछिन्। उनले पनि यही फिल्मबाट डेब्यु गर्न लागेकी हुन्। उनले आधा दर्जन बढी म्युजिक भिडियोमा काम गरिसकेकी छन्। फिल्मको बुधवारबाट वर्कसप सुरु भएको छ। फिल्मको छायाङ्कन आगामी माघ १५ गतेबाट सुरु हुनेछ।

मुस्कान खातुनमाथि २०७६ सालको भदौ २० गते वीरगन्जको रेशम कोठीस्थित त्रिभुवन हनुमान उच्च माविमा पढ्न जाँदै गर्दा एसिड प्रहार भएको थियो। एसिड आक्रमणबाट उनको अनुहारको एकातर्फको भाग जलेको छ। फिल्म निर्माणका लागि वीरगन्ज महानगरपालिकाले पाँच लाख रूपैयाँ सहयोग गरेको बताइन्छ।

# 'मिस युनिभर्स नेपाल'को आयोजक परिवर्तन



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस युनिभर्स नेपाल २०२४' को आयोजना ग्लोबल ग्ल्यामर भेन्चरले गर्ने भएको छ। बिहीबार राजधानीमा एक कार्यक्रम आयोजना गर्दै ग्लोबल ग्ल्यामर भेन्चरले 'मिस युनिभर्स २०२४' आयोजनाको आधिकारिता आफूले प्राप्त गरेको जानकारी दिएको हो।

यसअगाडि 'मिस युनिभर्स नेपाल' उमंग क्रियसनले गर्दै आएको थियो। उमंग अगाडि मिस युनिभर्स नेपाल 'मिस नेपाल' आयोजक द हिडन ट्रेजरले आयोजना गरेको थियो।

बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमम 'मिस युनिभर्स नेपाल-२०२४'को राष्ट्रिय निर्देशकमा संगीता पुरी, संस्थाको अध्यक्षमा आलोक क्षेत्री र सीईओमा सबी पुरी रहेको जानकारी दिइयो।

मिस युनिभर्सल वुमिन-२०२३ की विजेता भ्यालेन्टिना सान्चेज ट्रिभेल्ला र कोच अलेक्जेण्डर गोन्जालेज, नेपाल पर्यटन बोर्डका सिईओ डा. धनन्जय रेग्मी लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो।

कार्यक्रममा महिलाको अधिकार, पहिचान र प्रतिभालाई विश्वमाझ चिनाउने उद्देश्यले यो वर्षबाट ग्लोबल ग्ल्यामर भेन्चर मिस युनिभर्स नेपालमा जोडिएको राष्ट्रिय निर्देशक संगीता पुरीले बताइन्। 'किन र कसरी यो प्रतियोगिताबाट पुरानो आयोजक हट्नु भयो हामीलाई थाहा भएन', पुरीले भनिन् 'हामी अन्तर्राष्ट्रिय प्रतियोगिताको खोजीमा थियो। यो गर्नुस् भन्नु भयो हामी होमियौ।' प्रतियोगिताका लागि सबैसँग सहकार्यका गरेर अगाडि बढ्ने उनको धारणा रहेको थियो।

कार्यक्रमका लागि केही साताअघि नेपाल आइपुगेकी मिस युनिभर्सल वुमिन-२०२३ की विजेता भ्यालेन्टिना सान्चेज ट्रिभेल्लाले आफ्नो सौन्दर्य प्रतियोगिताको यात्राको बारेमा बताइन्। उनले नेपालको प्राकृतिक सौन्दर्य, संस्कृति, खाना र आतिथ्यको प्रशंसा गर्दै आफ्नो परिवार पनि नेपाल घुम्न आउन उत्साहित रहेको बताइन्। सांस्कृतिक सौन्दर्य र मिठासले मलाई लोभ्याएको उनको भनाई थियो। उनी पहिलो पटक नेपाल आएकी हुन्।

मिस युनिभर्स नेपाल पुरानै मापदण्डअनुसार आयोजना हुनेछ। प्रतियोगितामा १८ वर्ष नाघेका विश्वभरका नेपालीले सहभागी जनाउन सक्नेछन्।

'मिस युनिभर्स २०२४' को फिनाले आगामी सेप्टेम्बर २८ मा मेक्सिकोमा आयोजना हुँदैछ। त्यस अगाडि नेपालमा छानिनेछ। नेपालको विजेताले मेक्सिकोमा नेपालको प्रतिनिधित्व गर्नेछिन्। प्रतियोगिताको लागि आगामी अप्रिलबाट आवेदन फर्म खुल्ला हुनेछ।

प्रतियोगिताको निर्णायक तथा अन्य जानकारी 'मिस युनिभर्स नेपाल'को आधिकारी पेजबाट गराइने आयोजकले जनाएको छ।



राष्ट्रिय पुरुष भलिबल

# पुलिस क्लब बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** एपीएफ क्लबलाई ३-१ ले पराजित गर्दै पुलिसले ३४ औं राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ। पहिलो सेट जितेको एपीएफमाथि पछिल्लो ३ सेट जित्दै पुलिसले उपाधि आफ्नो नाममा गरेको हो।

एपिएफमाथि २२-२५, २५-१९, २५-१८ र २५-२३ ले जित्दै पुलिसले च्याम्पियनमा आफ्नो नाम सारेको हो। नवौं राष्ट्रिय खेलकुदको उपाधी विजेता एपीएफ प्रतियोगिताभर अपराजित रहे पनि फाइनलमा हार्दै उपविजेतामा सिमित बन्यो।

समुह ए मा रहेका यी दुवै टिममध्ये एपिएफ लिग चरणमा समुह विजेता बन्दै सेमिफाइनल पुगेको थियो। त्यस्तै पुलिस भने उपविजतोको रूपमा आएको थियो। लिग चरणमा एपिएफसँग हारेको पुलिसले उपाधी जित्दै प्रतियोगिताको सुखद अन्त्य गरेको छ।

यसअघि बिहीबार नै भएको तेस्रो स्थानको खेलमा आर्मीलाई ३-१ ले पराजित गर्दै गण्डकी प्रदेश तेस्रो भएको थियो।

**प्रतियोगिताका व्यक्तिगत पुरस्कार**

- सर्वोत्कृष्ट खेलाडी : रविन चन्द (पुलिस क्लब)
- उदयीमान : पहल गहतराज (नेपाल पुलिस)
- उत्कृष्ट स्पाइकर : हेमन्त मल्ल (एपीएफ
- उत्कृष्ट सेटर : इमबहादुर राना (पुलिस क्लब)
- ब्लकर : रविन नगरकोटी (पुलिस क्लब)
- उत्कृष्ट सर्भर : जीवन सुनार (गण्डकी प्रदेश)
- लिबेरो : भीम बहादुर गाहा (पुलिस क्लब)
- उत्कृष्ट प्रशिक्षक : चन्द्र कुँवर (नेपाल पुलिस)

# खेलकुद पत्रकार मञ्च र युवा संघबीच मैत्रीपूर्ण फुटसल



**काठमाडौं (प्रस)–** नेकपा एमाले निकटको युवा संगठन राष्ट्रिय युवा संघ नेपाल र नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) बीचको मैत्रीपूर्ण फुटसल ५-५ को बराबरीमा टुंगिएको छ।

केपी ओली कप-२०८० को प्रचार-प्रसारको उदेश्यसहित बिहीबार आयोजित मैत्रीपूर्ण फुटसलमा एनएसजेएफले ५-१ ले पछि परेको अवस्थाबाट पुनरागम गर्दै खेल बराबरीमा ल्याएको हो।

युवा संघका मिसन राईले ह्याट्रिक गरे। यस्तै, युवा संघका अध्यक्षसमेत रहेको क्षितिज थेवे र मिलन बमले समान एक गोल थपे। एनएसजेएफका शिशिर बस्नेतले ह्याट्रिक गर्दा अभिनव जोशी र बासु ढेके अवालले एक-एक गोल गरे।

# एसीसी प्रिमियर कप ओमानमा हुने

■ प्रभाव संवाददाता



**काठमाडौं–** एसीसी प्रिमियर कप टी-ट्वान्टी क्रिकेट प्रतियोगिता ओमानमा हुने भएको छ।

एसियन क्रिकेट काउन्सील (एसिसी) ले प्रिमियर कप आगामी अप्रिलमा ओमानमा हुने भएको जनाएको छ। एसीसीले आफ्नो क्यालेन्डरमा प्रतियोगिताको तालिका सर्वाजनिक गरेको हो। प्रतियोगिता अप्रिल १० देखी २३ सम्म ओमानमा हुने छ। एसीसी प्रिमियर कप टी-ट्वान्टी विश्वपक अघि हुनेछ। नेपालले यो पटक पनि भरत, श्रीलंक र पाकिस्तान जस्ता ठूला टिमहरूसँग खेल्ने अवसर छ। एसीसी कप प्रतियोगिता विजेताले एसिया कप खेल्नेछ।

एसिसी प्रिमियर कपमा नेपालसहित बहराइन, हङकङ, कुवेत, मलेसिया, ओमान, कतार, युएई र छनोटबाट आउने दुई टोली हुनेछन्।

त्यस्तै डिसेम्बरमा यू-१९ एसिया कप हुने भएको छ। जसमा नेपालले पनि भाग लिनेछ।

त्यस्तै एसीसी महिला प्रिमियर कप पनि फ्रेब्रवरी देखि मलेसियामा हुने भएको छ। जसमा नेपालले बहराइन, कुवेत, हङकङ, जपान जस्ता टिमसँग खेल्नेछ।

# सन्दीप राष्ट्रिय टोलीबाट निलम्बित



**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान) ले क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई निलम्बन गरेको छ।

क्यानले बिहीबार एक विज्ञप्ति निकाल्दै उनले कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न नपाउने गरि निलम्बन गरेको बताएको छ।

बुधबार मात्र काठमाडौं जिल्ला अदालतले लामिछानेलाई बलात्कार आरोपमा ८ वर्ष कैद सजाय र ३ लाख रूपैया जरिवाना तोकेको थियो।

# गौतमबुद्ध क्रिकेट रंगशाला तीन तहको लगानीमा बनाइने

**चितवन (प्रस)–** धुर्मुस-सुन्तली फाउण्डेसनले निर्माण प्रारम्भ गरेर छाडेको गौतम बुद्ध क्रिकेट रङ्गशाला तीन तहका सरकारको संयुक्त लगानीमा बन्ने भएको छ। सङ्घीय सरकारले बागमती प्रदेश सरकारसँगको साझेदारीमा रङ्गशाला बनाउन भरतपुर महानगरपालिकालाई सहमति दिएसँगै संयुक्त लगानीमा बन्ने भएको हो।

भरतपुर महानगर प्रमुख रेनु दाहालका अनुसार सङ्घीय सरकारको मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले सहमति प्रदान गरेको हो। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको र लिज ऐनअन्तर्गत रङ्गशालाले जग्गा लिनुपर्ने भएकाले मन्त्रिपरिषद्को बैठकबाट सहमति लिनुपरेको उनले बताइन्।

प्रमुख दाहालका अनुसार उक्त आयोजना सम्पन्न गर्न सङ्घीय सरकारले समेत अनुदानका रूपमा बजेट उपलब्ध गराउने छ। रङ्गशालाका लागि यसअघि सट्टाभर्नामा जग्गा लिने सहमति भएकामा अहिले सो प्रावधान नरहेपछि लिज ऐनअन्तर्गत ४० वर्षका लागि रङ्गशालालाई जग्गा लिन मन्त्रिपरिषद्ले सहमति दिएको छ। त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग भरतपुर महानगरपालिकाले जग्गाको सम्झौता गरी रङ्गशालाको काम अघि बढाउन लागेको उनले बताइन्।

महानगरसँग प्रदेश सरकारले पहिलो चरणमा रु ७५ करोड बराबरको काम गर्ने गरी सहमति भएको थियो। तर भरतपुर महानगरपालिकाले तयार गरेको योजनाअनुसार राष्ट्रियस्तरका खेल खेल्न मिल्ने बनाउन रु एक अर्ब लाग्ने प्रमुख दाहालले जानकारी दिइन्। पहिलो चरणमा खेलमैदान र प्यारापिटलगायतका काम सम्पन्न गरेर खेल खेल्न मिल्ने बनाइने उनको भनाइ छ।

प्रदेश सरकारले ७० प्रतिशत लगानी गरेसँगै रकम अभाव भए सङ्घीय सरकारको अनुदान लिएर महानगरपालिकाले थप गरी रङ्गशाला बनाउने तयारी गरिएको हो। प्रमुख दाहालका अनुसार प्रदेश सरकारको बजेट सुनिश्चिततासँगै बहुवर्षीय ठेक्का लगाएर काम गरिने छ।

# शेख हसिना पाँचौं कार्यकालका लागि प्रधानमन्त्री नियुक्त



**ढाका-** बंगलादेश अवामी लिग पार्टीकी नेतृ शेख हसिनालाई बुधबार नयाँ प्रधानमन्त्रीमा नियुक्त गरिएको छ ।

बंगलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनले सत्तारुढ अवामी लिगकी नेतृ हसिनालाई देशको नयाँ प्रधानमन्त्री नियुक्त गरेका हुन् । उनको यो लगातार पाँचौं कार्यकाल हो । आवामी लिगले संसद्का बहुमत सदस्यको विश्वास प्राप्त गरेकाले राष्ट्रपतिले उनलाई नयाँ सरकार गठनका लागि निमन्त्रणासमेत दिएको क्याबिनेट डिभिजनले राजपत्रमा सूचना जारी गरी जानकारी गराएको छ ।

आइतबार सम्पन्न आमनिर्वाचनमा प्रधानमन्त्री हसिनाको पार्टीले विजय हासिल गरेपछि उनले पार्टीका अन्य सांसद्सहित बुधबार सांसद् पदको शपथ लिएकी थिइन् ।

निर्वाचन आयोगले मंगलबार अपराह्न प्रकाशित गरेको राजपत्रमा प्रकाशित सूचनाअनुसार हसिना नेतृत्वको आवामी लिगले संसद्को २९८ सिटमध्ये २२२ सिट जितेको छ भने उनी नेतृत्वको गठबन्धनले २२५ सिट जितेको छ ।

# पपुवा न्यू गिनीमा भएको हिंसामा १५ जनाको मृत्यु

**पोर्ट मोरेस्बी (पपुवा न्यूगिनी)**- हिंसामा १५ जनाको मृत्यु भएपछि पपुवा न्यू गिनीका प्रधानमन्त्रीले बिहीबार 'अराजकता' विरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बुधबार साँझ राजधानी पोर्ट मोरेस्बीमा सैनिक, प्रहरी अधिकारी र जेलगार्डको एक समूहले सरकारविरुद्ध प्रदर्शन सुरु गरेपछि हिंसा भड्किएको थियो । राजधानीबाट उत्तरतर्फ करिब ३०० किलोमिटर टाढा रहेको लाए सहरमा दंगा भड्किएको हो । प्रधानमन्त्री जेम्स मारापेले बिहीबार देशसँग माफी माग्दै 'अराजकता'को उत्पत्ति 'सहच नहुने' बताएका छन् । उनले भने, 'यो जति मेरो देश हो त्यति नै तपाईंको देश हो कानुन भंग गर्दैमा कुनै परिणाम प्राप्त हुँदैन ।'

प्रहरी आयुक्त डेभिड म्यानिङले नागरिक अशान्तिका कारण कम्तीमा १५ जनाको मृत्यु भएको पुष्टि गरेका छन् । पोर्ट मोरेस्बीको सबैभन्दा ठूलो अस्पतालले गोली लागेर घाइते भएका २५ जनाको उपचार गरेको एएफपीलाई उपलब्ध गराइएको विवरणमा उल्लेख छ ।

एएफपी टिभीको फुटेजमा राजधानीका पसलहरूमा लुटेराहरू पसेको, सामान किन्दा प्रयोग गरिने ट्रली र प्लास्टिकका बाल्टिनहरूमा लुटेका सामानहरू कार्डबोर्ड बक्समा भरी लिएर गएका देख्न सकिन्छ । एएफपी टिभीको फुटेजअनुसार भवन र कारहरूमा आगजनी गरिएको छ, जसले सहरका सबैभन्दा बढी प्रभावित भागहरूमा कालो धुवाँको बाक्लो मुस्लो उडेको देखिन्छ ।

पोर्ट मोरेस्बीस्थित अमेरिकी दूतावासले लुटेरा समूहलाई तितरबितर पार्न प्रहरीले प्रयास गर्दा आफ्नो कम्पाउण्ड नजिकै गोली चलेको जनाएको छ । यसअघि पोर्ट मोरेस्बीस्थित प्रधानमन्त्रीको कार्यालयबाहिर सानो भीड जम्मा भएको र पार्किङ गरिएको प्रहरीको गाडीमा आगजनी गरेको थियो ।

बेइजिङले पपुवा न्यू गिनीको सरकारसमक्ष दंगामा सहभागीहरूले चिनियाँ स्वामित्वका व्यावसायिक केन्द्रलाई निशाना बनाएको रिपोर्टपछि उजुरी दर्ता गरेको छ । पोर्ट मोरेस्बी निवासी तथा पपुवा न्यु गिनी विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक माहो लाभेलले बिहीबार साँझसम्ममा शान्ति बहाली भएको बताए ।

उनले एएफपीसँग भने, 'प्रहरी र सर्वसाधारणले लुटेराहरूलाई लखेटेका छन् र उनीहरूले जलिरहेका भवनको आगो निभाई थप क्षति हुनबाट रोकेका छन् । *रासस/एएफपी*

# ताइवानको चुनावमा हस्तक्षेप नगर्न अमेरिकालाई चीनको आग्रह

**बेइजिङ-** वासिङ्टनले यसै साता हुने निर्वाचनपछि ताइवानमा एक प्रतिनिधिमण्डल पठाउने बताएपछि चीनले स्वशासित ताइवानको चुनावमा हस्तक्षेप नगर्न अमेरिकालाई आग्रह गरेको छ ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले चीन-अमेरिका सम्बन्धमा गम्भीर क्षति नपुगोस् भनेर वासिङ्टनले ताइवान क्षेत्रको चुनावमा कुनै पनि प्रकारको हस्तक्षेप नगर्न आग्रह गरेका छन् । वासिङ्टनले स्वशासित टापुमा महत्त्वपूर्ण निर्वाचनपछि ताइवानमा 'अनौपचारिक' प्रतिनिधिमण्डल पठाउने घोषणा गरेपछि उनले भने, 'चीनले अमेरिका र ताइवानबीच कुनै पनि प्रकारको आधिकारिक आदानप्रदानको कडा विरोध गर्दछ । ताइवान चीनको अविभाज्य अंग हो ।'

माओले बेइजिङसँग चुनावलाई लिएर तनाव नबढाउन अमेरिकाले दिएको चेतावनीको पनि विरोध गरेका छन् । उनले भने, 'ताइवान क्षेत्रको निर्वाचनलाई लिएर अमेरिकी पक्षले गरेको अनावश्यक तामझामप्रति चीन कडा असन्तुष्टि र विरोध जनाउँछ ।'

'हामी अमेरिकी पक्षसँग दुई देशका नेताले गरेका प्रतिबद्धता पूरा गर्न व्यावहारिक कदम चाल्न आग्रह गर्दछौं,' उनले भने । *रासस/एएफपी*

# 'प्यालेस्टिनी सर्वसाधारणलाई विस्थापित गर्ने इजरायलको लक्ष्य छैन'

**जेरुसेलम-** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामाथिको कब्जा कायम राख्ने वा प्यालेस्टिनी सर्वसाधारणलाई विस्थापित गर्ने इजरायलको कुनै मनसाय नरहेको बताएका छन् । प्रधानमन्त्री नेतन्याहूले गाजा पट्टीमा प्यालेस्टिनीहरूको कथित नरसंहारको बारेमा हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा सुनुवाइ सुरु हुनुभन्दा एक दिनअघि उक्त टिप्पणी गरेका हुन् ।

नेतन्याहूले भने, 'इजरायलको गाजालाई स्थायी रूपमा कब्जा गर्ने वा त्यहाँका नागरिकलाई विस्थापित गर्ने कुनै मनसाय छैन भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु ।'

उनले गाजामा इजरायलले गरेको बमबारी हमासका लडाकुहरूलाई लक्षित गरी गरिएको र हामीले अन्तर्राष्ट्रिय कानुनको पूर्णपालना गर्दै यस्तो गरिरहेको बताएका छन् । नेतन्याहूले भने, 'इजरायली सेनाले नागरिक हताहत कम गर्न सक्दो प्रयास गरिरहेको छ भने हमासले प्यालेस्टिनी नागरिकलाई मानव ढालको रूपमा प्रयोग गरेर उनीहरूलाई अधिकतम बलियो बनाउन सक्दो प्रयास गरिरहेको छ ।

'हाम्रो लक्ष्य गाजालाई हमासका 'आतंककारी' लडाकुहरूबाट मुक्त गर्नु र हाम्रा बन्धकहरूलाई मुक्त गर्नु हो,' उनले भने ।

अक्टोबर ७ मा हमासले अचानक आक्रमण सुरु गरेयता सयौं हमास लडाकु र गाजावासीले दक्षिणी समुदायमा आक्रमण गर्दा प्रारम्भिक आक्रमणमा ७९० सर्वसाधारणसहित इजरायलमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको थियो । हमासले २५३ जनालाई बन्धक बनाएको थियो भने गाजामा १३२ जना अझै पनि रहेका छन् ।

यसैबीच, हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जारी विज्ञप्तिमा इजरायली आक्रमणबाट प्यालेस्टिनीहरूको मृत्यु हुनेको संख्या २३ हजार ३५७ पुगेको र गाजाको २३ लाख जनसंख्यामध्ये करिब १९ लाख विस्थापित भएको जनाएको छ । *रासस/सिन्ह्वा*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०८/२७**

यस कम्पनीको मिति २०८०/०८/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि.के. म्याजेष्टिक ट्रेक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.**(प्रा.लि.नं. १२०७७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## ZERO FEE RECRUITMENT FOR MALAYSIA
## शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup ! Free Visa Processing! No Recruitment Fee ! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.

नि : शुल्क भिसा, निः शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, निःशुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म निःशुल्क यातायात, आवास र खाना

COMPANY: TOP FRUITS SDN BHD
कम्पनी : टप फ्र्युट्स एसडीयन. बीएचडी.

Pre Approval Date : 2023-05-25 / पूर्व स्वीकृति मिति : २०८०/०२/११ | Post Approval Date : 2024-01-11 / पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/२६ | LT. No. 286604 / एल टि न. २८६६०४ | Invoice No. 60201984 / चलानी नं. ६०२०१९८४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | १५ 15 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,८८० 42,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन् । साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
नेपाल सरकारले कुनै पनि विचौलीया वा मध्यस्थकर्तालको प्रयोग कानूनी रुपले वन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदर्छौं । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
यस मास ह्युमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदर्छौं ।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
मास ह्युमन प्रा.लि "शून्य भर्ती शुल्क" सम्बन्धी सून्य सहनशिलताको साथ निष्पजता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ ।
- If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-9851164025 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-९८५११६४०२५ वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईंको गोपनियत कायम राख्नेछौं ।

Interview will be conducted on 19th Jan, 2024 in Office Premises.
अन्तर्वाता मिति २०८० माघ ५ गते कार्यालय परिसरमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC
पुर्व स्वीकृति मिति २०८०/०९/२६ | LT No :297670 | चलानी नं. ६०२१३०१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT NURSE | 50 | 50 | 280 | १२०,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 10 | 10 | 120 | ५१,८५२ | | | | | | | |
| 3 | DENTAL HYGIENIST / DENTAL ASSISTANT | 0 | 20 | 450 | १९४,४४८ | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ५८,३३४ | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १५१,२३४ | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 225 | ९७,२२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORIENTAGE SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 269903 | चलानी नं. ६०१८५७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Handing Labours | 32 | 0 | 1500 | ४२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. ६६६/०६३/०६४
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9809393765
E-mail: cvlink03@gmail.com, Web: www.lefrn.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA HOSPITALITY L.L.C.
पूर्व स्वीकृति मिति : २०८०/०९/२४ | LT No.297361 | चलानी नं. ६०२१२८९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 70 | 0 | 900 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ४ गते (18th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 297361 मितिः २०८०/०९/२६ मा प्रकाशित हुनुपर्नेमा भूलबस LT No. 297564 प्रकाशित हुन गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**N.B. INTERNATIONAL MANPOWER Pvt. Ltd.**
श्रम ईजाजत नं. ४०२/०६०/६१
Ratopul, Kathmandu Nepal, , Fax : +977-4474302
Kathmandu : +977-4474301, 9851022122, 9851254501 ,9802744144, 9851023100, 9769770646, 9828896857, 9820760600, 9820660600, 9820560600
Jhapa Branch : 023-591887, 9852671887, 9801215758



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DROP SERVICES
पुर्व स्वीकृति मिति २०८०/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 289879 | चलानी नं. ६०२०५१३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 5 | 1400 | ५०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ANSARI TAILORS
पुर्व स्वीकृति मिति २०७८/११/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२६ | LT. No. 257956 | चलानी न. ६०१७४५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 2 | 0 | 1200 | ४३,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ५ गते (19th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८३०० | प्रति तोला – ११७७५० | प्रति तोला – १४१० |

नेपाल आयल निगमको ५४औं वार्षिकोत्सव

## 'नीतिगत सुधारको आवश्यकता'



■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरणको एकाधिकार पाएको नेपाल आयल निगम ५४औं वर्षमा प्रवेश गरेको छ। करिब डेढ दशकदेखि डिजेल, पेट्रोल र मट्टितेलको आयात, भण्डारण र बिक्री निजी क्षेत्रलाई खुला गरिएको भए पनि एलपी ग्यासको कारोबारबाहेक अन्य पेट्रोलियम पदार्थको कारोबारमा निजी क्षेत्रको सहभागिता हुनसकेको छैन। निगमले विराटनगर, भद्रपुर, अमलेखगञ्ज, वीरगञ्ज, जनकपुर, थानकोट, मन्थली, भैरहवा, नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, दिपायल र धनगढीबाट पेट्रोलियम पदार्थको कारोबार गरिरहेको छ।

निगम केन्द्रीय कार्यालय टेकुमा आज आयोजित कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सरोकारवालासँगको छलफलका आधारमा निगमलाई थप सुदृढ बनाएर लगिने घोषणा गरे। निगमले आफ्नो सेवालाई चुस्त बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उनले भण्डारण क्षमता विस्तारमा ध्यान दिन आग्रह गरे।

निगम सञ्चालक समितिका अध्यक्ष एवं आपूर्तिसचिव नारायणप्रसाद शर्मा दुवाडीले निगमलाई सबल र सक्षम संस्थाका रूपमा विकास गर्न विभिन्न चुनौती रहेको औँल्याउँदै दायित्वमुक्त हुँदैमा वित्तीय अवस्था सुदृढ छ भनेर ढुक्क हुन नहुनेमा सचेत गराए। उनले व्यावसायिक छवि उकास्न तथा नागरिकप्रतिको दायित्व पूरा गर्न नीतिगत सुधार आवश्यक रहेको बताए।

नेपाल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधान, नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष शिवप्रसाद घिमिरे र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष मनोजकुमार दासले निजी क्षेत्रलाई पनि सँगसँगै लिएर अघि बढ्न सुझाव दिए।

त्यस अवसरमा मन्त्री रिजालले उत्कृष्ट कर्मचारीलाई पुरस्कार प्रदान गर्नुका साथै निगमको ५४औं वार्षिकोत्सवका अवसरमा प्रकाशित मुखपत्र 'प्रभात'को विमोचन गरे। वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयीलाई पुरस्कार, प्रमाणपत्र तथा पदक प्रदान गरिएको थियो।

निगमले मुलुकका विभिन्न स्थानमा ७९ हजार नौ सय ९० किलोलिटर क्षमताका भण्डारण ट्याङ्करमा आयातित इन्धन भण्डारण गरी बिक्री वितरणको व्यवस्था मिलाइरहेको छ। निगमसँग १३ हजार छ सय ६२ किलोलिटर पेट्रोल, ४५ हजार आठ सय ४८ किलोलिटर डिजल, दुई हजार छ सय ९५ मट्टितेल र आठ हजार आठ सय १५ किलोलिटर हवाई इन्धन भण्डारण क्षमता छ।

सरकारी स्वामित्वको निगमसँग १३ दिनको माग धान्न सक्ने भण्डारण क्षमता छ। निगमले इन्डियन आयल कर्पोरेसनबाट वार्षिक करिब रु ३० लाख किलोलिटर पेट्रोलियम पदार्थको आयात गर्ने गरेको छ। निगमले आव २०७९/८० मा करिब रु १६ अर्ब नाफा गरेको निमित्त कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिए। पेट्रोलियम पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिले आव २०७८/७९ मा निगमले रु ४९ अर्ब नोक्सानी व्यहोरेको थियो। आव २०७९/८० को अन्त्यमा निगमको सञ्चित नोक्सानी रु चार अर्ब ९४ करोड रहेको उनको भनाइ छ।

अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्नु तथा मितव्ययी कदमले वित्तीय अवस्थामा सुधार भई निगम दायित्वमुक्त भएको निमित्त कार्यकारी निर्देशक साहले बताए। 'निगम सम्पूर्णरूपमा दायित्वमुक्त भएको छ, वित्तीय अवस्था सुदृढ बनेको छ, हाल सम्पूर्ण ऋणमुक्त भएको छ', उनले भने। गुणस्तरीय पेट्रोलियम पदार्थ सर्वसुलभ मूल्यमा उपलब्ध गराउन निगम क्रियाशील रहेको उनले बताएका छन्।

कुल अधिकृत पुँजी रु ३० अर्ब र चुक्ता पुँजी रु ११ अर्ब रहेको निगममा नेपाल सरकारको ९८ दशमलव ३८ प्रतिशत सेयर रहेको छ। निगमले गत आव २०७९/८० मा करिब रु तीन खर्ब ८३ अर्बको कारोबारमार्फत सरकारलाई रु एक खर्ब १५ अर्ब राजस्व भुक्तानी गरी मुलुकको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याएको छ।

## 'आन्तरिक खपत गरी बढी भएको बिजुली निर्यात गर्छौं'

■ प्रभाव संवाददाता



**काठमाडौं–** ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आन्तरिक खपत गरेर बढी भएको बिजुली भारतलगायतका देशमा बिक्री गरिने बताएका छन्। राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको बिहीबारको बैठकमा मन्त्री बस्नेतले राष्ट्रिय रूपमा खपत गरेर बढी भएको बिजुली बिक्री गरिने र त्यसका लागि सरकारले आवश्यक तयारी गरिरहेको बताए।

मन्त्री बस्नेतले आगामी १२ वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन हुने विश्वसनीय आधार समेत तयार भएको उल्लेख गरे। उनले सन् २०२३ देखि २०३५ सम्मको १२ वर्षे रणनीतिक योजना बनाएको र सोही योजना कार्यान्वयन गर्न सरकार, निजी क्षेत्रको साथ तथा सहयोगमा लक्ष्य हासिल गरिने स्पष्ट पारे। सरकारले तथ्यका आधारमा लक्ष्य निर्धारण गरेकाले सफल हुने र मुलुकलाई ऊर्जामार्फत समृद्धिको दिशामा अगाडि बढाउने योजना सुनाए। भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दुई देशका बीचमा सहमति भएको र त्यसका लागि आवश्यक पूर्वाधारसमेत बन्ने चरणमा रहेको उनको भनाइ थियो।

राष्ट्रिय हित र आवश्यकतालाई ख्याल गरेर सरकारले द्विपक्षीय सम्झौता गरेको उल्लेख गर्दै उनले भारत, बङ्गलादेशलगायतका मुलुकमा नेपालको बिजुली पुग्ने स्पष्ट पारे। मन्त्री बस्नेतले मुलुकभित्रको आन्तरिक विद्युतीकरणका लागि नेपाल विद्युत् प्राधिकरणमार्फत आवश्यक प्रक्रिया अगाडि बढाइएको र आगामी डेढ वर्षभित्र आधारभूत रूपमा मुलुकलाई पूर्णरूपमा विद्युतीकरण गरिने बताए।

समितिको बैठकमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले भारतसँग पछिल्लो पटक भएको सम्झौताबारे जानकारी दिँदै यसले मुलुकको आर्थिक विकास र उन्नयनका क्षेत्रका काम गर्ने विश्वास व्यक्त गरे। उनले यसको प्राविधिक तथा अन्य काम भने क्रमशः दुई देशका सचिवस्तरीय संयन्त्रले टुङ्गो लगाउँदै जाने धारणा राखे।

डेडिकेटेड र ट्रङ्क लाइनको महसुलका सम्बन्धमा सांसदहरूले राखेको जिज्ञासाको जवाफमा उनले समस्या समाधानका लागि सरकारले विशेष पहल गरेको बताए। मन्त्रिपरिषद्ले सो समस्या समाधानका लागि आयोग गठन गरेको उनले जानकारी दिए।

नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले प्राधिकरणको आफ्नै स्रोत परिचालन गरेरै भए पनि मुलकभर विद्यतीकरणका लागि अभियान नै चलाइरहेको बताए। उनले डेडिकेटेड र ट्रङ्क लाइन महसुलका सम्बन्धमा देखिएको समस्या समाधानका लागि प्राधिकरणका तर्फबाट अधिकतम प्रयास गरिएको जानकारी दिँदै मन्त्रिपरिषद्को पत्र प्राप्त हुने वित्तिकै काटिएका लाइन जोडिने विश्वास दिलाए।

समितिको बैठकमा सांसदहरू रामचन्द्र राई, कुमार दसौदी, सोनाम ग्याल्जेन शेर्पा, गोपी अछामीलगायतले भारतसँग भएको पछिल्लो सहमति, मुलुकभर भइरहेको विद्युतीकरण, डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवादलगायतका विषयमा जिज्ञासा राखेका थिए। समिति सभापति दिलकुमारी रावल थापाले सरकारले सम्पादन गरेका कामलाई सहजीकरण गर्नका बैठक आह्वान गरिएको र आवश्यक निर्देशनसमेत पठाइने बताए।

कर्पोरेट

## लुम्बिनी विकास बैंकको १६औं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** लुम्बिनी विकास बैंक लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बिहीबार सम्पन्न साधारण सभाले आ. ब. २०७९/८० को बार्षिक प्रतिबेदन पारित गरी आ. ब. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरूसँगै शेयरधनी महानुभावहरूलाई ४.५० प्रतिशत नगद लाभांश र ४.०० प्रतिशत बोनस शेयर सहित कुल ८.५० प्रतिशत लाभांश बितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ।

बैंकका सञ्चालक समितिका अध्यक्ष चिन्तामणी भट्टराईको अध्यक्षतामा सम्पन्न १६ औं वार्षिक साधारण सभामा आ.ब. २०७९/८० को बार्षिक प्रतिवेदन उपर सहभागी शेयरधनीहरूले राखेका जिज्ञासाहरूको अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराले स्पष्ट पारेका थिए।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरूमा गरी ८९ वटा शाखा कार्यालयहरू तथा एक विस्तारित शाखा (एक्सटेन्सन काउण्टर) स्थापना भएको छ। यस लुम्बिनी विकास बैंक लिमिटेडले 'निरन्तर सहयात्रा' भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरू सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ। ग्राहकहरूलाई अधिकतम प्रतिफल दिने उद्देश्यले बैंकले मुद्दती निक्षेप खातामा 'मासिक' रूपमा ब्याज प्रदान गर्ने बिशेष योजना कार्यान्वयनमा ल्याएको छ।

## टाटा मोटर्स फन कार्निभल ३.० आयोजना

**काठमाडौं (प्रस)–** सिप्रदी ट्रेडीङ्ग प्रा. लि. ले टाटा मोटर्स फन कार्निभल ३.० कार्यक्रमको आयोजना गर्ने भएको छ। कार्यक्रममा जुनसुकै ब्राण्डका पुराना गाडीहरूसँग नेपालमा सर्वाधिक रुचाइएका टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभी लगायतका गाडीहरू साट्न सकिनेछ। ग्राहकवर्गको परिवर्तित जीवनसैली र अत्याधुनिक सवारीहरू प्रतिको रुची तथा चाहनाहरूलाई मध्यनजर गर्दै यस मेलाको आयोजना गरिएको हो। मेला यहि पौष २७ गतेदेखी पौष २९ गतेसम्म उपत्यका बाहिर टाटा मोटर्सको शोरुम अलास्का मोर्टस बिर्तामोड,सिद्धार्थ कटेज बुटवल, सिप्रदी ट्रेडीङ्ग बुद्ध चोक पोखरा र टाउनहल प्लानिङ विरगंजमा आयोजना गर्न लागिएको हो।




फन कार्निभल ३.० मा टाटाका गाडी किन्ने ग्राहकहरूले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क रूपमा इभी गाडीहरूका लागि फास्ट चार्जर, १ वर्षको अटोप्लस इन्स्योरेन्स, १ वर्षको सवारी कर, एक्सेसरिज, सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिकल स्कुटर प्राप्त गर्नेछन। यस कार्निभलका मुख्य उदेश्य भनेको ग्राहकवर्गलाई खेल तथा मनोरञ्जन मार्फत नौलो अनुभुति गर्दै गाडी किन्ने फरक एक्सपेरियन्स प्रदान गर्नु हो।

यस कार्यक्रमको अबसरमा ग्राहक महानुभावहरूले टाटा मोटर्सको नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादनहरू अवलोकन तथा टेष्ट ड्राइभ गर्न सकिने छ साथै यस कार्यक्रममा सहभागी भई नयाँ गाडी खरिद गरेर भरपुर फाईदा उठाउनुहुन कंम्पनिले अनुरोध गरेको छ।

## सहकारीको ७० अर्ब पुँजी परिचालन

**झापा (प्रस)–** झापामा सहकारीमार्फत रु ७० अर्बभन्दा बढी पुँजी परिचालन भएको छ।

झापा जिल्ला सहकारी सङ्घका अध्यक्ष गणेश ढकालका अनुसार जिल्लाको ४५ प्रतिशत जनसङ्ख्या सहकारी अभियानसित जोडिएको छ। 'सहकारीमार्फत परिचालित पुँजीले यहाँका विपन्न वर्गमा वित्तीय पहुँच स्थापित भएको छ', उनले भने, 'यसले स्वरोजगार सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।'

सहकारीमार्फत परिचालित पुँजी कृषि, उद्योग, व्यापार, यातायात, शिक्षा, स्वास्थ्य, पशुपालन, दूध उत्पादन, वैकल्पिक ऊर्जालगायतका क्षेत्रमा लगानी भएको अध्यक्ष ढकालले बताए। पछिल्लो समयमा झापाका सहकारीमा ऋण असुलीमा समस्या देखिएको छ। सहकारीबाट लिएको ऋण तिर्न आनाकानी गर्दा सहकारी संस्थाको ऋण असुलीमा समस्या देखिएको हो।

अध्यक्ष ढकालले भने, 'ऋण तिर्न प्रेरित गर्न राष्ट्रिय अभियान नै चलाउनुपर्ने देखिन्छ, यसमा राज्यको सहयोग अपरिहार्य छ।'

अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी बक्यौता रकम यही २०८० साल पौष मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
काठमाडौं–७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ